
# सौर्य दैनिक

www.souryaonline.com

वर्ष ११ | अंक ३३५ | मंगलबार, १७ माघ २०७९ | SOURYA NATIONAL DAILY | Tuesday, 1 February 2023 | पृष्ठ : ८ | मूल्य रू. ५


# २५ फागुनमा राष्ट्रपति र ३ चैतमा उपराष्ट्रपतिको चुनाव



■ सौर्य समाचार

काठमाडौं । निर्वाचन आयोगले आगामी २५ फागुनमा राष्ट्रपतिको निर्वाचन गर्ने घोषणा गरेको छ । सोमबार पत्रकार सम्मेलन गरी निर्वाचन आयोगले राष्ट्रपति र उपराष्टपति निर्वाचनको मिति जानकारी गराएको हो ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले २५ फागुन बिहीबार राष्ट्रपतिको निर्वाचन भएपछि उपराष्ट्रपति पदको निर्वाचन प्रक्रिया सुरु हुने बताए । उनले राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन आयोगले सातै प्रदेशमा मतदान गर्ने गरी आवश्यक तयारी गर्ने प्रयास गरे पनि तत्काल सम्भव नदेखिएको भन्दै मतदान काठमाडौंमा नै हुने बताए ।

उनले राष्ट्रपतिको निर्वाचनका लागि १० फागुनमा मतदाता नामावली प्रकाशन गर्ने, १० र ११ गते दाबी, विरोध र उजुरी, ११ र १२ गते निवेदन तथा उजुरी उपर छानबिन गर्ने कार्यतालिका बनाएको जानकारी दिए ।

आयोगले १२ फागुनमा अन्तिम मतदाता नामावली प्रकाशित गर्ने, १३ गते मनोनयन पत्र दर्ता गर्ने, १३ गते नै उम्मेद्वारको सूची प्रकाशन गर्ने, १४ गते उम्मेद्वारको बिरुद्धमा उजुरी दिने, १४ र १५ गते मनोनयन र उजुरीमा छानबिन गरी निर्णय गर्ने जनाएको छ ।

त्यस्तै १५ फागुनमा उम्मेद्वारको नामावली प्रकाशन गर्ने, १६ गते उम्मेद्वारले नाम फिर्ता लिने, १६ गते साँझ नै उम्मेद्वारको अन्तिम नामावली प्रकाशित गर्ने २५ फागुनमा मतदान गर्ने आयोगका प्रवक्ता पौडेलले बताए ।

त्यस्तै उपराष्ट्रपतिको निर्वाचन ३ चैतमा हुने आयोगले जनाएको छ । उपराष्ट्रपतिको निर्वाचनका लागि मनोनयन पत्र दर्ता २७ फागुनमा दर्ता हुनेछ। २८ फागुनमा दावी विरोधको समय दिइएको छ र सोही दिन साँझ उम्मेद्वारको अन्तिम नामावली प्रकाशन हुनेछ ।

राष्ट्रपति विद्यादेवी भण्डारीको कार्यकाल आउँदो २८ फागुनमा सकिँदै छ । राष्ट्रपतिको कार्यकाल चार दिन बाँकी हुँदै निर्वाचन हुन लागेको हो ।

राष्ट्रपति तथा उपराष्ट्रपतिका निर्वाचनका लागि संघीय संसद्का तथा प्रदेशसभाका सदस्यहरू मतदाता हुनेछन् । त्यसमध्ये संघीय संसद्का सदस्यका मतभार ७९ र प्रदेशसभा सदस्यको मतभार ४८ रहनेछ । आयोगका अनुसार नयाँ जनगणनलाई आधार मानेर मतभार तोक्नेमा यसपटक पहिलेकै जनगणनालाई आधार मानेर मतभार तोकिएको छ ।

राष्ट्रपतिको निर्वाचनका लागि अहिलेसम्म एमाले र नेपाली कांग्रेसले उम्मेद्वारी दिने बताउँदै आएका छन् । यद्यपि कुनै पार्टीले पनि कसलाई उम्मेद्वार बनाउने भन्नेमा टुंगो लगाएका छैनन् ।

सत्ता समीकरणको भागबण्डाअनुसार सत्तारूढ

बाँकी पृष्ठ २

## राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन कार्यतालिका

- मतदाता नामवली प्रकाशन : **फागुन १०**
- मतदाता नामवलीमा दाबी विरोध : **फागुन १० देखि ११ सम्म**
- मतदाता नामावली उपर उजुरीको छानबिन : **फागुन ११ देखि फागुन १२ सम्म**
- अन्तिम नामावली प्रकाशन : **फागुन १२**
- उम्मेद्वारको मनोनयन दर्ता : **फागुन १३**
- उम्मेद्वारको विरोधमा उजुरी : **फागुन १४**
- मनोनयन र उजुरी जाँचबुझ गरी निर्णय : **फागुन १५**
- उम्मेद्वारको नामावली प्रकाशन : **फागुन १५**
- उम्मेद्वारले नाम फिर्ता लिने: **फागुन १६**
- उम्मेद्वारको आन्तिम नामावली प्रकाशन : **फागुन १६**
- मतदान : **फागुन २५ गते बिहान १० देखि ३ बजेसम्म**

**उपराष्ट्रपतिको निर्वाचन कार्यतालिका**

- उम्मेद्वारको मनोनयन पत्र दर्ता : **फागुन २७**
- मनोनयन पत्र दर्ता भएका उम्मेद्वारको सूची प्रकाशन : **फागुन २७**
- उम्मेद्वारको बिरोधमा उजुरी : **फागुन २७**
- मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय : **फागुन २८**
- उम्मेद्वारको नामावली प्रकाशन : **फागुन २८ उम्मेद्वार ले नाम फिर्ता लिने** : **फागुन २८**
- उम्मेद्वारको अन्तिम नामावली प्रकाशन : **फागुन २८**
- मतदान : चैत ३ बिहान १० देखि ३ बजेसम्म

# शून्य र विशेष समयमा उठेका प्रश्नको जवाफ सात दिनभित्र दिनुपर्ने



■ सौर्य समाचार

काठमाडौं । प्रतिनिधिसभा नियमावली मस्यौदा समितिको सोमबार बसेको बैठकले शून्य र विशेष समयमा उठेका विषयको जवाफ सम्बन्धित मन्त्रीले सात दिनभित्रमा सदनलाई उपलब्ध गराउनुपर्ने निर्णय गरेको छ ।

समितिले प्रतिनिधिसभा नियमावली, २०७५ को परिच्छेद- ४ को नियम ११ देखि १६ सम्म दफावार छलफल गरेको थियो । छलफलपछिको निष्कर्षमा नियम १५ को शून्य र विशेष समयको दफा २ को १ मा पाँच दिनको सट्टामा सात दिनभित्र सभामुखमार्फत सदनलाई जवाफ उपलब्ध गराउनुपर्ने निर्णय भएको प्रतिनिधिसभाका प्रवक्ता एकराज गिरीले जानकारी दिए ।

छलफलमा उपस्थित सांसदहरूले सबै प्रश्नको जवाफ दिनका लागि समय व्यवस्थापन गर्न मन्त्रीलाई सहज हुने भन्दै त्यसका लागि सात दिन उपयुक्त हुनेमा सहमति जनाएका थिए ।

बैठकले बढीमा २१ जना सदस्य रहेको एक कार्यव्यवस्था परामर्श समिति गठन गर्ने निर्णयसमेत गरेको छ। नियम १३ को कार्यव्यवस्था परामर्श समितिमा अहिलेसम्म १७ जना सदस्य रहेको एक कार्यव्यवस्था परामर्श समिति गठन गर्न सकिने व्यवस्था छ ।

बैठकको निर्णयअनुसार नियम ११ मा सरकारी र गैरसरकारी कार्य गरिने दिन सभाको बैठक बसेको प्रत्येक हप्ताको एक दिन प्रश्नउत्तरपछिको समय गैरसरकारी कार्यसूचीले र अरू दिन सरकारी कार्यसूचीले प्राथमिकता पाउनेछ । छलफलबाट शुक्रबारको सट्टा एक दिन राख्ने निर्णय भएको हो । तर शुक्रबारको दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट तोकिने निर्णय भएको छ ।

नियम १२ को दैनिक कार्यसूची अन्तर्गतको विशेष परिस्थितिमा सभामुखको निर्देशनअनुसार बस्ने बैठकको कार्यसूची दुई घण्टाअघि दिन संसद्ले प्रस्ताव राखेको थियो । तर सचिवालयले कार्यान्वयनमा गाह्रो हुने भन्दै विशेष परिस्थितिमा बैठक बस्ने एक घण्टा अगावै कार्यसूची उपलब्ध हुने निर्णय भएको हो । यस्तै, कागजपत्रको वितरण गर्दा प्रविधिमैत्री बनाउँदै कागजविहीन विधि अपनाउन निर्णय भएको छ ।

# सूचना वर्गीकरणको प्रस्ताव स्थगन गर्ने समझदारी





■ सौर्य समाचार

काठमाडौं । सरकारले सूचना वर्गीकरणका लागि तयार पारेको प्रस्ताव स्थगन गर्ने भएको छ । सो प्रस्ताव स्थगन गरी नयाँ शिराबाट छलफल गर्ने तथा नेपालको संविधान र सूचनाको हकको प्रावधानअनुसार नै अगाडि बढाउने समझदारी भएको छ ।

मुख्यसचिवको नेतृत्वमा रहेको सूचना वर्गीकरण समितिले सरकारी सूचनालाई ८७ बुँदामा वर्गीकरण गरिएकामा सरोकारवाला पक्षले सरकारको ध्यानाकर्षण गराएपछि सोमबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा सरोकारवाला पक्षसँग छलफल गरिएको थियो ।

छलफलका क्रममा सूचना वर्गीकरण गर्दा नेपालको संविधान र सूचनाको हकसम्बन्धी प्रचलित कानुनको प्रतिकूल हुन नहुने र वास्तविक सूचना प्रवाहित गर्दा राजनीतिक प्रणाली र लोकतन्त्र बलियो हुनेमा सरोकार पक्षले सरकारको ध्यानाकर्षण गराएको थियो । छलफलमा मुख्यसचिव एवं समितिका संयोजक शंकरदास वैरागीले आफूहरूले सूचनाको हक कुण्ठित गर्न नभएर सूचना व्यवस्थित गर्न वर्गीकरणको प्रस्ताव अगाडि सारेको बताए । उनले सरोकार पक्षको मागलाई समेत ध्यानमा राखेर प्रस्ताव परिमार्जन गरिने प्रतिबद्धता व्यक्त गरे ।

छलफलमा नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले लोकतान्त्रिक प्रणालीमा जनतालाई शक्तिशाली बनाउन सूचनाको हकको व्यवस्था गरिएकाले वर्गीकरणको प्रस्ताव फिर्ता लिएर नयाँ ढंगले छलफल गर्न नेपाल सरकारसँग आग्रह गरे ।

छलफलमा सरकारका प्रतिनिधि र सञ्चार क्षेत्रका प्रतिनिधिबीच अहिले अगाडि बढाइएको प्रस्तावलाई फिर्ता गरी सरोकारवाला पक्षसँगको समझदारीमा नयाँ प्रस्ताव लैजाने समझदारी भएको छ ।

मुख्यसचिवको अध्यक्षमा भएको अनौपचारिक छलफलमा नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेल, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा.वैकुण्ठ अर्याल, नेपाल पत्रकार महासंघका प्रतिनिधि र प्रधानमन्त्रीको प्रेस टिमका प्रतिनिधिलगायतको उपस्थिति रहेको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' का प्रेसविज्ञ मनोहरि तिमिल्सिनाले जानकारी दिए ।

# भूकम्प आउने हल्लापछि रातभर घर बाहिरै



■ नन्दबहादुर रोकाया

मुगु । भूकम्प कतिबेला आउँछ भन्ने अहिलेसम्म वैज्ञानिकले पत्ता लगाउन सकेका छैनन् । तर कर्णालीका मुगु, हुम्ला, जुम्लामा भूकम्प आउँदै छ भन्ने गलत हल्ला फैलिँदा स्थानीय घर छोडेर रातभर जाग्राम बसेका छन् ।

मुगु जिल्लामा केन्द्रबिन्दु भएर भूकम्प आउने हल्ला एकाएक फैलिएपछि मुगुलगायत कर्णालीका जुम्ला, हुम्लाका स्थानीय आइतबार रातभर घर बहिर जाग्राम बसेका हुन् । केही दिनअघि बाजुरा केन्द्रविन्दु बनाई भूकम्प गएको थियो । त्यही भूकम्पको त्रासमा रहेका कर्णालीवासी फेरि आइतबार राती २ बजे 'भूकम्प आउँदै छ' भन्ने हल्लाको पछि लागेर रातभर घर घरबाहिर चिसोमा रात बिताउन पुगे । माघ महिनाको चिसो मौसममा न्यानो सिरकभित्र मस्त निन्द्रामा सुतेका कर्णालीका स्थानीयलाई राती १२ बजेपछि एकाएक निन्द्रा खुल्दै गयो ।

'राती २ बजेपछि भूकम्प आउँदै छ' भन्ने हल्ला छ्याप्छ्याप्ती भएपछि मानिसहरू हतारहतार घरबाहिर निस्किएर खुल्ला चौरमा

बाँकी पृष्ठ २

# अमेरिकी उपविदेशमन्त्रीले राखिन् एमसिसी बारे चासो

■ सौर्य समाचार

प्रधानमन्त्री दाहालसँग अमेरिकी उपविदेशमन्त्री नुल्यान्ढले प्रधानमन्त्री पुष्पकमल दाहाल र एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग सोमबार अलगअलग भेट गरेकी छन् । भेटमा विभिन्न विषयमा छलफल भएको र विशेष गरी उनले अमेरिकी मिलिनियम च्यालेन्ज को-अपरेसन ( एमसिसी)का बारेमा चासो राखेको स्रोतले बतायो ।

सोमबार बिहान प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग संयुक्त राज्य अमेरिकाका राजनीतिक मामिलासम्बन्धी उपविदेशमन्त्री भिक्टोरिया नुल्यान्डले शिष्टाचार भेटवार्ता गरेकी थिइन् । प्रधानमन्त्री निवास बालुवाटारमा सोमबार भएको भेटमा उनीहरूबीच द्विपक्षीय आपसी हितका विविध विषयमा छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । भेटले दुई देशबीचको सम्बन्ध अझ सुदृढ हुँदै जाने विश्वास गरिएको छ ।

अमेरिकी उपविदेश मन्त्री नुल्यान्ड दुईदिने नेपाल भ्रमणका लागि आइतबार नेपाल आइपुगेकी हुन् । भेटमा प्रधानमन्त्री दाहालले नेपालको विकासमा अमेरिकाले पुऱ्याउँदै आएको सहयोगको प्रशंसा



गर्दै आगामी दिनमा थप वृद्धि हुँदै जाने अपेक्षा गरे । सो अवसरमा उपविदेश मन्त्री नुल्यान्डले प्रधानमन्त्री दाहाललाई नयाँ कार्यकालका लागि बधाई तथा शुभकामना दिएकी थिइन् ।

उपविदेश मन्त्री नुल्यान्डले नेपाल भ्रमणका क्रममा उच्चस्तरीय राजनीतिक भेटवार्ता गर्ने यहाँस्थित अमेरिकी राजदूतावासले जनाएको छ । साथै उनले नेपालको अनुपम सांस्कृतिक सम्पदाको अनुभव पनि बटुल्नेछन् । उनले सन् २०२१ को अप्रिलमा राजनीतिक मामिलासम्बन्धी उपविदेश मन्त्रीका रूपमा शपथ लिएकी थिइन् । त्यसअघि उनी वासिङ्टन डिसीमा अवस्थित विश्वव्यापी रणनीतिक परामर्श तथा वाणिज्य कूटनीति फर्म अल्ब्राइट स्टोनब्रिज ग्रुपमा वरिष्ठ परामर्शदाताका रूपमा कार्यरत थिइन् । नेपाल भ्रमणमा रहेकी अमेरिकी राजनीतिक मामिला उपविदेशमन्त्री भिक्टोरिया न्युल्यान्डले गत पुस ११ गते गठित सात दलीय गठबन्धनको सरकारबारे चासो राखेकी छन् । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वको बनेको संयुक्त सरकारबारे उपविदेशमन्त्री नुल्यान्डले अर्को सत्ता साझेदार नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग चासो राखेकी हुन् ।


सोमबार सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा नेपालस्थित राजदूत डेन आर थम्पसनलाई लिएर पुगेकी उनले वर्तमान सरकारबारेमा ओलीसँग जिज्ञासा राखेकी हुन् । ओलीको सचिवालयका अनुसार उनले प्रचण्ड नेतृत्वको वर्तमान सरकारबारे चासो राखेपछि यसबारेमा प्रष्ट पार्ने काम भएको जनाएको छ ।

न्युल्यान्डले वर्तमान सरकार गठन, साझेदार दलहरू र यसले अमेरिकालाई हेर्ने दृष्टिकोणबारे ओलीसँग चासोपूर्वक जिज्ञासा राखेकी थिइन् । 'अध्यक्ष ओलीले उपविदेशमन्त्री नुल्यान्डको जिज्ञासामा नेपालमा निर्वाचन भएर सात राजनीतिक दल र केही स्वतन्त्र सांसदको समर्थनमा संयुक्त सरकार गठन भएको जानारी दिएको स्रोतले बतायो । उनले यो सरकार न्यूनतम साझा कार्यक्रमसहित अगाडि बढिरहेको उपविदेशमन्त्री न्युल्यान्डलाई जानकारी गराएका थिए ।'

त्यसक्रममा ओलीले सरकारको अहिलेको लक्ष्य विकास र समृद्धि भएको बताउँदै त्यसका लागि वैदेशिक लगानी आवश्यक रहेको पनि उल्लेख गरेका थिए । उनले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग पनि सोमबारै शिष्टाचार भेटवार्ता गरेकी छन् । भेटमा

बाँकी पृष्ठ २

# अश्लील भिडियो बनाई चरित्रहत्या गर्ने पक्राउ



काठमाडौं । सामाजिक सञ्जालको दुरुपयोग गरी चरित्रहत्या गरेको अभियोगमा दोलखा मेलुङ गाउँपालिका-७ खड्काथोक बस्ने २४ वर्षीय अर्जुन खड्कालाई प्रहरीले पक्राउ गरेको छ । सामाजिक सञ्जाल फेसबुकमा पीडित महिलासँग चिनजान भई म्यासेञ्जरमा कुराकानी गरी प्रेम सम्बन्ध स्थापित गर्ने, शारीरिक सम्बन्ध राखी उक्त सम्बन्धको अश्लील फोटो तथा भिडियो बनाई पीडितको साथीको फेसबुक म्यासेञ्जरमा पठाएर अनावश्यक दुःख, हैरानी दिने, समाजमा पीडितको चरित्रहत्या, बदनाम, बेईज्जत हुने कार्य गरेका उनलाई नेपाल प्रहरी प्रधान कार्यालय साईबर ब्यूरोबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।

उनीउपर विद्युतीय कारोवार ऐन, २०६३ अन्तर्गतको कसुरमा जिल्ला अदालत काठमाडौंबाट ७ दिनको म्याद अनुमति लिई प्रहरीबाट आवश्यक अनुसन्धान कार्य भइरहेको छ ।

# भाटभटेनीका सञ्चालकसँग बयान

■ सौर्य समाचार



काठमाडौं । प्रेमप्रसाद आचार्यले आफैंलाई पेट्रोल छर्केर आत्मदाह गरेको घटनामा प्रहरीले भाटभटेनी सुपर मार्केटका सञ्चालक मीनबहादुर गुरुङसँग बयान लिएको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंमा गुरुङले झन्डै तीन घण्टा बयान दिएका हुन्। माघ १० मा संसद् भवन अगाडी आफैंलाई पेट्रोल खन्याएर आगो लगाएका प्रेम प्रसादको भोलिपल्ट कीर्तिपुर स्थित बर्न अस्पतालमा मृत्यु भएको थियो । मृत्युअघि उनले उठाएका विषय छानबिन गर्न मन्त्रिपरिषद्को निर्णय अनुसार गृह मन्त्रालयले प्रहरीलाई जिम्मा दिएको थियो। आचार्यले सामाजिक सञ्जाल फेसबुकमा उधारोमा समान लिएर भाटभटेनीले लामो समय पैसा नदिने र सो रकम घुमाएर आफैंले नाफा कमाउने गरेको आरोप लगाएका थिए । ६ हजार शब्द भन्दा लामो फेसबुक स्ट्याटसमा प्रेम प्रसादले भाटभटेनीले आफ्नो उत्पादनको पैसा नदिएको उल्लेख गरेका थिए।

प्रहरीले नक्साल स्थित शान इन्टरनेशनल सँग पनि बयान लिएको छ । टुर प्याकेज गराएको ९० हजार रकम सो कलेजले नदिएको आचार्यले आफ्नो स्ट्याटसमा उल्लेख गरेका थिए। 'शान इन्टरनेशलले ५ लाखको टुर प्याकेज गराउँदा ३ लाख एडभान्स दिएर अरू दिन आनाकानी गर्थे' आचार्यले लेखेका उल्लेख गरेका थिए, ' भर्ना टाइममा आउनु दिन्छौं भने तर, मेरो ९० हजार अझै लिन बाँकी छ ।'

घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी दान बहादुर कार्कीले बताए । उनले भने,'केही ठाउँमा बयानका लाग आउन पत्राचार गरेका छौं ।' सामाजिक सञ्जालमा उठाएका विषय छानबिन गृह गृह मन्त्रालयका सह-सचिव नारायण प्रसाद रिसालको नेतृत्वमा ६ सदस्यीय समिति पनि गठन गरिएको थियो। समतिमा अर्थ मन्त्रालयका उप-सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालयका उप-सचिव सहित समितिमा नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका प्रतिनिधि पनि सदस्य छन् ।

# तीन महिनाभित्र लेखा परीक्षण सक्न अर्थमन्त्रीको निर्देशन



काठमाडौं । अर्थ मन्त्रालयले तीन महिनाभित्र लेखा परीक्षण सम्पन्न गर्न राष्ट्रिय बिमा संस्थान र राष्ट्रिय बिमा कम्पनी लिमिटेडलाई निर्देशन दिएको छ । अर्थमन्त्रालयमा बसेको बैठकमा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले लेखा परीक्षण हुन नसक्नु चिन्ताको विषय भएको बताउँदै आजका मितिबाट सुरु भई ०८० वैशाख १६ सम्म लेखा परीक्षण सम्पन्न गर्न निर्देशन दिएका हुन् ।

राष्ट्रिय बिमा संस्थान र राष्ट्रिय बिमा कम्पनी लिमिटेडको आर्थिक वर्ष ०७३/७४ देखि लेखा परीक्षण हुन बाँकी छ । उपप्रधानमन्त्री तथा अर्थमन्त्री पौडेलले लेखा परीक्षण सम्पन्न नहुँदासम्म बोनस र लाभांश वितरणलाई अघि नबढाउन पनि निर्देशन दिएका छन् । बैठकमा अर्थ मन्त्रालय राजस्व सचिव डा.रामप्रसाद घिमिरे, नेपाल बिमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल, राष्ट्रिय बिमा संस्थानका प्रमुख प्रशासक कविराज पाठक, राष्ट्रिय बिमा कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत शेखर बराल लगायतको उपस्थिति रहेको थियो ।

## अमेरिकी...

द्विपक्षीय सम्बन्ध, लोकतन्त्र, विकास र सुशासनमा प्राप्त सहयोग अझ सुदृढ बनाउने विषयमा छलफल भएको पूर्वप्रधानमन्त्री देउवाको सचिवालयले जनाएको छ । भेटमा देउवाले नेपाललाई अमेरिकाबाट निरन्तर प्राप्त सहयोग र समर्थनको उच्च मूल्यांकन गर्दै आभार व्यक्त गरेका थिए । यसैगरी सोमबारै राष्ट्रमन्त्री डा.बिमला राई पौड्याल र अमेरिकी राजनीतिक मामिलासम्बन्धी उपविदेश मन्त्री भिक्टोरिया न्युल्यान्डबीच भेटवार्ता भएको छ । मन्त्रालयमा भएको भेटवार्तामा दुई देशबीचको बलियो दौत्य सम्बन्ध, द्विपक्षीय सहयोग र अपसी हितका सम्बन्धमा छलफल भएको पराराष्ट्र मन्त्रालयले जनाएको छ । द्विपक्षीय भेटमा परराष्ट्रमन्त्री पौड्यालले भूकम्प र कोभिड महामारीका समयमा प्राप्त सहयोगका लागि अमेरिकी सरकारलाई धन्यवाद ज्ञापन गरेकी थिइन् ।

## भूकम्प...

बसे । तर, यस्तो गलत भ्रम कसले फैलायो भन्नेबारे थाहा छैन । मानीसहरू एकाएक गर्दै घरबाहिर निस्किएपछि भूकम्पको हलचलले मानिस भ्रमितसँगै त्रसित भएका छन् । भूकम्पको आउने डरले त्रसति भएर घरबाहिर निस्किएका स्थानीयहरू चिसो मौसमको समयमा सुरक्षित स्थानमा आगो तापेर जाग्राम बस्न बाध्य भएका थिए ।

सदरमुकाम गमगढीका स्थानीय प्राविधिक कार्यालयको खुल्ला चौर, खाद्य संस्थानको चौर, महाकाली नमुना माध्यमिक विद्यालयको खुल्ला चौरमा पुगे भने अन्यत्रका स्थानीय पनि दूधे बालक काखमा च्यापेर सुरक्षित स्थान खोज्दै खुल्ला चौरमा पुगेका थिए ।

यस्ता गलत सूचना फैलाएर सामाजलाई त्रसित पार्नेलाई सम्बन्धित निकायले पत्ता लगाएर कारबाही गर्नपर्ने स्थानीय बताउँछन् । यस्ता गलत सूचनाले सामाजिकरूपमा खलल मात्रै होइन, मानसिकरूपमा पनि खलल गर्ने भएकाले सम्बन्धित निकायले चासोका साथ खण्डन गर्नपर्ने नेपाल रेडक्रस मुगुका मन्त्री रत्नसिंह मल्लले बताए ।

यसैबीच भूकम्प आउने हल्लाको पछि लागेर स्थानीय त्रसित भएपछि छायाँनाथ रारा नगरपालिका विपद् व्यस्थापन शाखाले भ्रमको पछि नलाग्न आग्रह गरेको छ । नगरप्रमुख विष्णुकुमार भामले पनि भूकम्प आउने पूर्वसूचना नहुने भएकाले गलत हल्लाको पछि नलाग्न आग्रह गरेका छन् । यस्तै हल्ला २० वर्षअघि 'रारा ताल फुट्ने' भन्दै हल्ला फिजाइको थियो । त्यतिबेला पनि तत्कालीन प्रमुख जिल्ला अधिकारीसहित रारा ताल आसपासका स्थानीय भागेर अग्लाअग्ला स्थानमा गएर बसेको जानकारहरू बताउँछन् ।

## २५ फागुनमा...

दलको तर्फबाट एमालेले राष्ट्रपति पाउने भनिए पनि पछिल्लो चरणमा आएर यो अनिश्चित बनेको छ । एमालेलाई राष्ट्रपति दिनका लागि यसअघि सहमति जनाएको माओवादी केन्द्रले पछिल्लो समयमा आएर राष्ट्रिय सहमतिका आधारमा हुने भन्दै भाका फेरेपछि दुई दलबीचको सम्बन्धमा चिसो बढेको बताएको छ ।

निर्वाचन आयोगले राष्ट्रपतिको निर्वाचनको तिथि घोषणा गरेपछि सत्तारूढ दल माओवादीको बैठक बसेको छ । सोमबार पार्टी मुख्यालयमा सो बैठक बसेको हो । सोमबार पार्टीको स्थायी समितिको बैठक रोकेर केन्द्रीय पदाधिकारी बैठकमा छलफल गरेको हो ।

स्रोतका अनुसार पदाधिकारी बैठकमा पनि राष्ट्रपतिका विषयमा नेताहरूबीच दुई खाले अलग विचार प्रकट भएको एक नेताले बताए ।

बैठकमा प्रधानमन्त्री प्रचण्डले राष्ट्रपति निर्वाचनबारे पार्टी नेताहरूसँग सुझाव मागेपछि माओवादी नेताहरूले एमाले फेवरको राष्ट्रपति दिन नहुनेमा जोड दिएका हुन् । एमाले अध्यक्ष केपी शर्मा ओलीले जतिवेला पनि अप्ठ्यारो पार्न सक्ने भएकाले बेलैमा सचेत हुनुपर्ने उनीहरूको भनाइ थियो । यसअघि ओलीले दुईपटक प्रतिनिधिसभा विघटन गरेपछि ओली र प्रचण्डको सहकार्यमा ब्रेक लागेको थियो । तर, कांग्रेस नेतृत्वको गठबन्धनमा चुनाव लडेका प्रचण्ड प्रधानमन्त्री नपाएकै झोकमा ओलीसँग अकस्मात सहकार्य गर्न पुगेका थिए ।

तर, अहिलेको सत्ता गठबन्धनको निरन्तरताको विषयमा माओवादीभित्र दुई धार देखिएको छ । उपाध्यक्ष कृष्णबहादुर महरा, प्रस्तावित उपाध्यक्ष अग्निप्रसाद सापकोटा, उपमहासचिव जनार्दन शर्मा र शक्ति बस्नेत सर्वसम्मत एमालेलाई राष्ट्रपति दिन नहुने पक्षमा रहेको स्रोतको दाबी छ । स्रोतका अनुसार उनीहरू आवश्यक परेको खण्डमा हिजोकै गठबन्धन फर्काउन तयार हुनुपर्ने पक्षमा छन् ।

त्यसको संकेत गर्दै शुक्रबारको स्थायी कमिटी बैठकपछि स्थायी कमिटी सदस्य नारायण दाहालले भनेका थिए, 'हाम्रो एजेन्डालाई निःसर्त अगाडि बढाउने व्यक्ति राष्ट्रपतिमा चाहियो । हामी कांग्रेस-एमाले भन्दैनौं । देशको आवश्यकता महसुस गर्न राष्ट्रपतिमा पनि सहमति हुनुपर्छ नभए देश विघटनतिर जान्छ । देशमा अस्थिरता पैदा हुन्छ ।' प्रधानमन्त्री प्रचण्डले पछिल्लो समयमा राष्ट्रपतिमा राष्ट्रिय सहमतिमा जोड दिँदै आएका छन् । राष्ट्रपतिको विषयलाई लिएर माओवादीभित्र देखिएको विवादलाई लिएर कांग्रेस नेताहरू ढोक्सा थापेर सक्रिय भएर लागेको आरोप छ । यसअघिकै गठबन्धनलाई पनि अघि बढाउनुपर्नेसम्मको रणनीति अख्तियार गरिरहेका माओवादी नेताहरूसँग कांग्रेस नेताहरू निरन्तर संवादमा छन् ।

तर, प्रचण्डलाई बालकोटसम्म पुऱ्याउन भूमिका खेल्ने नारायणकाजी श्रेष्ठ, वर्षमान पुन, देव गुरुङलगायतका नेताहरू यही गठबन्धनको निरन्तरताको पक्षमा छन् । पार्टीभित्रको दबाब र आगामी सम्भावनालाई मध्यनजर गरेर एमालेबाट सर्वस्वीकार्य हुने व्यक्ति आइदिए हुन्थ्यो भन्नेमा उनीहरू छन् । यसबैबीच नेपाली कांग्रेसका केन्द्रीय सदस्य अर्जुननरसिंह केसीले राष्ट्रपतिका लागि कांग्रेसको दाबी कायमै रहेको बताएका छन् । भरतपुरमा प्रेस युनियन चितवन शाखाले सोमबार आयोजना गरेको पत्रकार सम्मेलनमा नेता केसीले राष्ट्रपतिमा कांग्रेसको दाबी कायमै रहेको र त्यसका लागि जुनसुकै दलसँग सहयोग लिन सकिने बताए । राष्ट्रपति कांग्रेसले लिन कोसिस जारी राखेको छ तर राष्ट्रपति पाएकै भरमा सरकारमा भने नजाने उनको भनाइ थियो ।

नेता केसीले राष्ट्रपतिका लागि राष्ट्रिय सहमति जरुरी रहेको बताए । उनले राष्ट्रपतिको उम्मेद्वार कसलाई बनाउने भन्ने कुरा केन्द्रीय समितिको बैठक बोलाएर निर्णय गर्नपर्नेमा जोड दिए । ' कांग्रेसले सरकारको नेतृत्वको संयोजन गर्नपर्थ्यो । आफ्नै त्रुटिका कारण प्रतिपक्षमा पुग्यौं । अब प्रतिपक्षको धर्म निर्वाह गर्नैनै कांग्रेसको दायित्व र जिम्मेवारी हो', उनले भने ।

कांग्रेस अहिलेको सत्ता गठबन्धन भत्काउने पक्षमा नरहेको उनको भनाइ थियो । उनले भने, 'कांग्रेस सशक्त प्रतिपक्षीबाहेक अन्य कुनै भूमिकामा हुनु हुँदैन ।

त्यसैगरी एमाले महासचिव शंकर पोखरेलले राष्ट्रपतिमा सत्ता पक्षको उम्मेद्वारी हुने बताए । उनले प्रतिपक्षले राष्ट्रपतिमा उम्मेद्वारी नदिइकन सहयोग गर्छ भन्ने विश्वास रहेको बताए । विराटनगरमा सोमबार पत्रकारसँग कुरा गर्दै महासचिव पोखरेलले कांग्रेस सत्ताभन्दा बाहिर रहेको अवस्थामा अस्थिरता सिर्जना गर्न लागिरहेको र यसका लागि राष्ट्रपतिमा आफूले पाउने दाबी गरेको उनको आरोप थियो ।

उनले भने, 'सत्ता पक्षको उम्मेद्वार राष्ट्रपति बन्नेछ यो बिषयमा विवाद र बहस छैन । प्रतिपक्षले राज्यका प्रमुख अंगहरूको नेतृत्व गर्न नै मिल्दैन । राज्यका प्रमुख पद भनेका राज्यको नेतृत्व गर्ने पक्षका पदहरू भन्ने कुरा बुझ्नुपर्छ ।'

महासचिव पोखरेलले राष्ट्रपतिले कार्यकारी सरकारलाई समन्वय र सहकार्य गर्ने भएकाले राष्ट्रिय सहमति खोज्नुपर्छ भनिएको बताए । उनले राष्ट्रिय सहमति भनेको प्रतिपक्षलाई राष्ट्रपति पद दिनु भनेको नभएको बताए । सत्ता पक्षका लागि आवश्यक पदहरूका लागि आवश्यक पदहरूमा सबैको सहमति खोज्न खोजिएको उनको तर्क छ । 'नेपाली कांग्रेस दिशाहिन अवस्थामा छ', उनले भने, 'ऊ न सत्तापक्षमा छ न विपक्षमा छ ।' उनले यस्तो चलखेलको कुनै अर्थ नरहेको बताए । उनले बाहिर भनिएजस्तो प्रधानमन्त्रीको कुनै नकारात्मक भूमिका नभएको दाबी गरे । महासचिव पोखरेलले नेपाली कांग्रेसलाई सत्तामा आएर कुरा गर्न आग्रह गरे । उनले भने, 'प्रतिपक्ष हुन पाउँ भनेर निवेदन दिने अनि सत्ताको अंश खोज्ने यो कुरा उचित होइन ।'


## हिलिहाङ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### पञ्चमी, पाँचथर

## बोलपत्र आव्हानको सूचना

( पहिलो पटक सुचना प्रकाशित मिति २०७९/१०/१७ गते )

हिलिहाङ गाउँपालिकाको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक बजेट अनुसार तल उल्लेखित स्थानमा तोकिए बमोजिमको खरिद कार्य गर्नुपर्ने भएकाले नेपाल सरकारबाट सम्वन्धित कामका लागि इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुबाट निम्न सर्तहरुको अधिनमा रहि रितपुर्वक बोलपत्र आव्हान गरिएको छ ।

१. बोलपत्र फारम खरिद गर्न इच्छुक फर्म/ कम्पनीहरुले आ.व. २०७९/०८० को लागि नविकरण भएको फर्म वा कम्पनीको प्रमाण पत्र, व्यवसाय इजाजत पत्र, स्थायी लेखा दर्ता नं एवं आयकर तथा मू.अ. कर दर्ता प्रमाण पत्र तथा आ.व. २०७८/०७९ सम्मको कर चुक्ता को प्रमाण पत्र र फर्म सम्वन्धि अन्य कुनै कागजात भए सो समेत प्रमाणित प्रतिलिपि सहित www.bolpatra.gov.np/egp बाट बोलपत्र फारम डाउनलोड गरी पेश गर्न सकिने छ ।

२. बोलपत्र साथ जमानत बापतको रकम सिभिल बैंक लिमिटेड हिलिहाङ गोपेटार शाखाको HILIHANG GA.3STHA.TAHA DHARO KHAT नामको धरौटी खाता नम्बर 06410178116032 मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारि भएको घटीमा बोलपत्र पेश गर्ने अन्तिम मिति बाट १२० दिन सम्म म्याद भएको जमानत पत्र समावेश भएको हुनु पर्नेछ । बोलपत्र खरिदको लागि सिभिल बैंक लिमिटेड हिलिहाङ गोपेटार शाखाको HILIHANG GA-1-1 ANTARIK RAJASWO नामको खाता नम्बर 06410178116048 मा नगद रकम दाखिला गरि बैंक भौचर पेश गर्नु पर्नेछ ।

३. खरिद गरिएको बोलपत्र को हकमा यो सुचना पहिलो पटक प्रकाशित भएको मितिले ३१ औं दिन वा ई बिडिङ्ग मा उल्लेख भए बमोजिम बोलपत्र अन्तिम दिनको तोकिएको समय भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp बाट भर्न सकिने छ । विस्तृत विवरण टेण्डर फारमसंग सम्लग्न छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | कुल ल.ई. रकम भ्याट बाहेक | जमानत वापतको रकम | बोलपत्र फारम दस्तुर | टेण्डर पेश गर्ने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1 | HRM/NCB/ GOODS/079/080/01 | Purchase of Two wheeler, motorcycle as per attached technical specification | 2090147.20 | 60000 | 3000.00 | 02-03-2023 (A.D) | |

प्रमुख प्रशासकीय अधिकृत



## कर्जा चुक्ता गर्न आउने बारेको ७ दिने अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८ फाल्गुन १८ गते बुधबार
दोस्रो पटक प्रकाशित मिति : २०७९ पुस २८ गते बिहीबार
तेस्रो पटक प्रकाशित मिति : २०७९ माघ १७ गते मंगलबार

तपसिलमा उल्लेखित ऋणी सदस्यले यस संस्थाबाट उपभोग गर्नु भएको कर्जाको सांवा, व्याज नतिरी भाखा समेत नाघेकोले पटक पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत हालसम्म कर्जा चुक्ता नगर्नु भएकोले आफूले लिएको कर्जाको सांवा, ब्याज तथा हर्जाना समेत संस्थाको केन्द्रिय कार्यालय मीनभवन, काठमाण्डौमा उपस्थित भई चुक्ता गर्नुहोला भनी यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित गरिएको मिति ७ दिन भित्रमा पनि कर्जा चुक्ता नगरेमा यस संस्थालाई कर्जाको सुरक्षण बापत लेखिदिएको तपसिल बमोजिमको अचल सम्पत्ति संस्थाको विनियम, सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ ले दिएको अधिकारको प्रयोग गरि लिलाम बिक्री गरि संस्थाले आफ्नो लेना रकम असूलउपर गर्ने व्यहोरा ऋणी सदस्य लगायत यस संस्थाको अभिलेखमा रहेका देहायका सबै धितो जमानी दिनुहुने व्यक्ति तथा सम्वन्धित अन्य सबैलाई जानकारी गराईन्छ । साथै निज ऋणी तथा धितो जमानीकर्ताको तीनपुस्ते विवरण सहितको नाम प्रचलित ऐन नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको नाम र ठेगाना | फोटो | धितोमा रहेका अचल सम्पत्तिको विवरण: |
|---|---|---|
| **बद्री बहादुर के.सी.** (ना.प्र.नं.२३६६६ काभ्रे मिति२०४४।०२।३१) बाबु : गंगा बहादुर के.सी. बाजे : जीत मान के.सी. ठेगाना : भुम्लुसल्ले ३, हाल : भुम्लु गा.पा. ५, काभ्रेपलाञ्चोक |  | ऋणीको नाममा कायम रहेको भक्तपुर जिल्ला चित्तापोल गा.वि.स. वडा नं ७क कित्ता नं १३, १७३ र २३० को क्रमश: क्षेत्रफल ४-१४-०-०, ४-८-०-० र १-१५-०-० जग्गा । हिटीचोक सदावर्त गुठी जग्गाधनी भई ऋणी बद्री बहादुर के.सी. मोही कायम भएको भक्तपुर जिल्ला चित्तापोल गा.वि.स. वडा नं. ७क कि.नं. २३२ क्षेत्रफल ३-०-०-० जग्गा । |
| **धितो जमानी दिनेको नाम र ठेगाना लिला कुमारी के.सी.** (ना.प्र.नं. ९७८५१ मिति २०५३।०९।१० काभ्रे पति : बद्री बहादुर के.सी. ससुरा : गंगा बहादुर के.सी. ठेगाना : भुम्लुसल्ले ३, हाल : भुम्लु गा.पा. ५, काभ्रेपलाञ्चोक |  | हिटीचोक सदावर्त गुठी जग्गाधनी भई लिला कुमारी के.सी. मोही कायम भएको भक्तपुर जिल्ला चित्तापोल गा.वि.स. वडा नं. ७क कि.नं. १४ र १७ क्रमश: क्षेत्रफल १-१२-०-० र ५-२-०-० जग्गा । |
| **धितो जमानी दिनेको नाम र ठेगाना रविना के.सी.** बाबु : बद्री बहादुर के.सी. बाजे : गंगा बहादुर के.सी. ठेगाना : भुम्लुसल्ले ३, हाल : भुम्लु गा.पा. ५, काभ्रेपलाञ्चोक | | हिटीचोक सदावर्त गुठी जग्गाधनी भई रविना के.सी. मोही कायम भएको भक्तपुर जिल्ला चित्तापोल गा.वि.स. वडा नं. ७क कि.नं. १९ क्षेत्रफल ५-१-०-० जग्गा । |
| **धितो जमानी दिनेको नाम र ठेगाना राजेन्द्र बहादुर के.सी.** ना.प्र.नं. ७४६६३ मिति २०५४।११।०५ काभ्रे **उत्तम के.सी.** बाबु : गंगा बहादुर के.सी. बाजे : जीत मान के.सी. ठेगाना : सल्लेभुम्लु ३, हाल : भुम्लु गा.पा. ५, काभ्रेपलाञ्चोक |  | राजेन्द्र बहादुर के.सी. र उत्तम के.सी.को संयुक्त नाममा रहेको काठमाण्डौ जिल्ला नगर वडा नं. २ कि.नं. १६७ क्षेत्रफल ०-१-२-० जग्गा र सोमा बनेको ३ तले घर तथा लिगलगापत समेत । हिटीचोक सदावर्त गुठी जग्गाधनी भई राजेन्द्र बहादुर के.सी. मोही कायम भएको भक्तपुर जिल्ला चित्तापोल गा.वि.स. वडा नं. ७क कि.नं. २३१ र २३३ को क्रमश: क्षेत्रफल १-०-०-० र १-८-०-० जग्गा । |
| **धितो जमानी दिनेको नाम र ठेगाना श्याम बहादुर मगर** ना.प्र.नं. १०८०४ मिति २०३३।१२।०९ काठमाण्डौ बाबु : धन बहादुर मगर बाजे : गणेश बहादुर मगर ठेगाना : का.म.न.पा. ४, काठमाण्डौ |  | श्याम बहादुर मगरको नाममा कायम रहेको काठमाण्डौ जिल्ला नगर वडा नं ४ कित्ता नं ३५ को क्षेत्रफल ८४.०० व.मी. जग्गा र सो जग्गामा बनेको ३ तले घर लिगलगापात समेत । |
| **धितो जमानी दिनेको नाम र ठेगाना आशा माया गुरूङ** ना.प्र.नं. ३४/९ मिति २०४६।०३।२२ काठमाण्डौ बाबु : भिमसेन गुरूङ पति : भेक बहादुर गुरूङ ठेगाना : का.म.न.पा. २, काठमाण्डौ |  | आशामाया गुरूङको नाममा कायम रहेको काठमाण्डौ जिल्ला नगर वडा नं २ कित्ता नं ११४ र १४६ को क्रमश: क्षेत्रफल ०-१-१-० र ०-३-०-२ जग्गा र सो जग्गामा बनेको साढे २ तले घर लिगलगापात समेत । |

कान्तिपुर
सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
Kantipur Saving & Credit Co-Operative Ltd.

# उद्घाटन भयो, सञ्चालन भएन नापी र मालपोत कार्यालय




■ अर्जुन बिष्ट

रुकुम । उद्घाटन गरिएको चार महिना बितिसक्दा पनि रुकुम पश्चिमको आठबिसकोटमा  स्थापना भएको नापी तथा मालपोत कार्यालय अझै सञ्चालनमा आउन सकेको छैन ।

आठबिसकोट र बाँफीकोटका केहि स्थान कार्यक्षेत्र रहने गरी गत असोज १० मा कर्णाली प्रदेशका जलस्रोत तथा उर्जा विकास मन्त्री रातो कामीले दुवै कार्यालयको उद्घाटन गरेका थिए । कार्यालय उद्घाटन भएको चार महिना बितिसक्दा पनि साइन बोर्ड राख्ने कामबाहेक केहि उपलब्धि भएको छैन ।

आठबिसकोट-९ स्थित भाडाको घरमा उक्त कार्यालय स्थापना गरिएको हो । केहि दिनमै सञ्चालनमा आउने आश्वासन देखाए पनि अहिलेसम्म कार्यालय सञ्चालनमा आएको छैन  । कार्यालय उद्घाटनको समयमा यहाँका सेवाग्राही जग्गा सम्बन्धी कामको लागि सदरमुकाम जानुपर्ने बाध्यता हटेको बताइएको थियो । तर यता कार्यालयमा ब्यानर बाहेक अन्य केहि सामग्री नहुँदा सेवाग्राही सदरमुकाम नै धाउन बाध्य भएका छन् ।

रुकुमको आठबिसकोटमा नापी र मालपोतको कार्यालय सञ्चालन गर्ने मन्त्री परिषदको निर्णय भएलगत्तै कार्यालयको उद्घाटन गरिएको थियो । स्थानिय स्तरबाटै जग्गा सम्बन्धि हरेक कामकाज गराउन पाउने भएपछि जिल्लाका पश्चिम भेगका स्थानियहरु हर्षित भएका थिए । तर, स्थापना भएको पाँच महिना पुग्नै लाग्दा कार्यालयको ढोका समेत नखुल्दा स्थानीय मर्कमा परेका छन् । यता जिल्ला मालपोत कार्यालयका प्रमुख तुलसीराम भुसालले बजेट बिनियोजन नहुँदा सञ्चालनमा केही समय लागेको जानकारी दिए । उनले भने, ‘बिभागबाट कार्यालय सञ्चालनका लागि कुनैपनि जानकारी नआएकोले सञ्चालन कहिले हुने भन्नेबारे अन्योल छ ।’ यता घरबेटीले भने पाँच महिनादेखि भाडा नपाएको गुनासो गरेका छन् । नापी र मालपोत कार्यालय भाडाको घरमा राख्ने निर्णय भएको थियो  ।

# अवैध आयात रोक्न पोल्ट्री व्यवसायीको माग



■ सौर्य समाचार

दमक । झापाका पोल्ट्री व्यवसायीहरुले भारतीय कुखुराको अवैधरूपमा आयात रोक्न सरकारसँग माग गरेका छन् । आर्थिक मन्दी र भारतीय कुखुराको अवैधरूपमा भएको आयातले आफूहरुको व्यवसाय खस्केकाले सीमाबाट हुँदै आएको यस्तो आयात रोक्न उनीहरुले माग गरेका हुन् ।

भारतबाट सस्तो मूल्यमा आयात हुने जिउँदो कुखुरा र मासुको आयातले यहाँका पोल्ट्री व्यवसाय संकटमा परेकाले त्यसलाई कडाइका साथ नियन्त्रण गर्नुपर्नेमा कुखुरा व्यवसायी संघका जिल्लाअध्यक्ष विवेक निरौलाले जोड दिए । आफूहरुको मागका सम्बन्धमा प्रदेश-१ मुख्यमन्त्री हिक्मतकुमार कार्कीसँग भेट गरी ज्ञापन पत्रसमेत बुझाइएको उनले बताए । कोरोनाको महामारी र त्यसपछिको आर्थिक मन्दीका कारण व्यापार पनि सिथिल भएको पोल्ट्री व्यवसायीको भनाइ थियो । भारतबाट आउने अण्डा, कुखुरा र मासुको आयात रोक्न सके पनि यहाँका व्यवसायीलाई राहत मिल्ने भएकाले मुख्यमन्त्री कार्कीको ध्यानाकर्षण गराइएको अध्यक्ष निरौलाले सुनाए । उनका अनुसार जिल्लामा दैनिक करिब ४० हजार केजीसम्म कुखुरा खपत हुँदैआएको छ । आर्थिक मन्दीका कारण ४० प्रतिशत माग घटनाका साथै मूल्यसमेत घटेको र तीन वर्ष अघिसम्म जिल्लामा करिब आठ हजार किसान पोल्ट्री व्यवसायमा आवद्ध भए पनि अहिले यो संख्या चार हजारको हाराहारीमा भएको अध्यक्ष निरौलाले जानकारी दिए ।

कुखुराको मासु र अण्डामा झापा आत्मनिर्भर भए पनि अवैधरुपमा आयात हुने अस्वस्थ्यकर मासु तथा अण्डालगायत उपभोग्य बस्तु नियन्त्रण नहुँदा आफूहरुले समस्या भोग्नु परेको दमक १० का पोल्ट्री व्यवसायी नवराज न्यौपानेले बताए । दमक, विर्तामोड, भद्रपुर र कन्काई नगरपालिकामा ठूलो परिणममा पोल्ट्री व्यवसाय सञ्चालित छ ।

# किबीबाट जाम उत्पादन सुरू

■ सौर्य समाचार

खोटाङ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-६ नेर्पामा किबीको जाम (खुदो) उत्पादन सुरुआत गरिएको छ । स्थानीय सातजना उद्यमीले चिमाल फलफूल प्रशोधन उद्योग दर्ता गरेर किबीको जाम उत्पादन गर्न थालेका हुन् ।

उद्योगबाट उत्पादित जाम दिक्तेल बजार तथा आसपासका क्षेत्रमा बिक्री हुँदै आएको सञ्चालक समितिका अध्यक्ष शुभचन्द्र राईले जानकारी दिए । ‘परीक्षण चरणमै रहेको जामले राम्रो बजार मूल्य पाएको छ,’ उनले भने, ‘पहिलो चरणमा पाँच सय ग्रामको तीन सय र सात सय ग्रामको चार सय रुपैयाँमा बिक्री गर्ने गरिएको छ ।’

जाम, जुस, स्क्वास, क्याण्डीलगायत १३ प्रकारका खाद्यान्न उत्पादन गर्ने गरी प्रशोधन उद्योग सञ्चालन गरिएको जनाइएको छ । किबी, केरा, आँप, आल्चा, नास्पाती, अम्बा, मेहेललगायतका फलफूलबाट विभिन्न प्रकारका खाद्य पदार्थ उत्पादन गर्ने गरी उद्योग स्थापना गरिएको समितिका सचिव कविकुमार राईले जानकारी दिए ।

गत मसिंर २० गते घरेलु तथा साना उद्योग कार्यालय खोटाङबाट स्वीकृति लिएको फलफूल प्रशोधन उद्योगमा २५ लाख बढी लगानी हुने जनाइएको छ । सुरुआती चरणमा पाँच लाख रुपैयाँ लगानीमा उपकरण खरिद गरेर उद्योग स्थापना गरिएको अध्यक्ष राईले जानकारी दिए ।

जिल्लामै पहिलोपटक फलफूल प्रशोधन उद्योग स्थापना भएपछि कृषक हर्षित भएका छन् । आफूले उत्पादन गरेका किबी, केरा, आँप, आल्चा, नास्पाती, अम्बा, मेहेललगायतका फलफूल खेर नजाने भएपछि कृषक हर्षित भएका हुन् ।

जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजार नजिकै खोलिएको उद्योगमा जिल्लाका विभिन्न ठाउँमा उत्पादन गरिएका फलफूल संकलन गरेर प्रशोधन गर्ने लक्ष्य राखिएको छ । प्रशोधन उद्योग अभावमा जिल्लाका कृषकले उत्पादन गरेका फलफूल यसअघिसम्म बिना उपयोग खेर जाने गरेको थियो ।

दश स्थानीय तह रहेको जिल्लामा पछिल्लो समय सबैभन्दा बढी किबी उत्पादन हुन थालेको छ । केही वर्षअघिदेखि मात्र उत्पादन हुन थालेको किबी अहिले प्रति केजी दुई सय ५० रुपैयाँमा फार्मबाटै जिल्ला बिक्री हुँदै आएको छ ।

जिल्लाका कृषकले उत्पादन गरेका किबी बाहिरी जिल्लासमेत निर्यात हुँदै आएको छ । जिल्लामा उत्पादित किबी पूर्वी तराई तथा राजधानी काठमाडौंमा सबैभन्दा बढी निर्यात हुने गरेको कृषकले बताएका छन् ।

# म्याग्दीमा कुष्ठरोगका नयाँ बिरामी शून्य

■ सौर्य समाचार

म्याग्दी । जिल्लामा कुष्ठरोगका नयाँ बिरामीको संख्या शून्यमा झरेको छ । दुई आर्थिक वर्षदेखि जिल्लामा कुष्ठरोगका नयाँ बिरामी पहिचान नभएको स्वास्थ्य कार्यालयले जनाएको छ । सत्तरीऔं विश्व कुष्ठरोग दिवसका अवसरमा आइतबार बेनीमा आयोजित पत्रकार अन्तर्क्रिया कार्यक्रमा स्वास्थ्य कार्यालयका प्रमुख एकनारायण लम्सालले जिल्लामा कुष्ठरोगका नयाँ बिरामी पहिचान नभएको जानकारीदिए । ‘दुई वर्षयता जिल्लामा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा कोही पनि नयाँ कुष्ठरोगका बिरामी दर्ता भएका छैनन्, जिल्ला बाहिरका स्वास्थ्य संस्थामा पुगेर उपचार गरेकाको



विवरण जिल्लामा अभिलेख हुँदैन, केहिले जिल्ला बाहिरबाट कुष्ठरोगको उपचार गराएको हुनसक्छ हाम्रो अनुमान छ,’ उनले भने ।

कार्यालयका अनुसार, दुई वर्षअघि जिल्लामा कुष्ठरोगका बिरामीको संख्या १३ थियो । अहिले दुई वर्षअघि नै पहिचान भएका पाँच जनाले उपचार गराइरहेका छन् । दुई वर्षअघि प्रति १० हजार जनसंख्यामा एक दशमलव नौ प्रतिशतमा कुष्ठरोग देखिएकोमा अहिले कुष्ठरोगको संक्रमणदर घटेर शून्य दशमलव.४७ प्रतिशत रहेको कार्यालयले जनाएको छ ।

कार्यक्रममा बेनी अस्पतालका मेडिकल सुपेरिटेन्डेन्ट डा शंखर लामिछानेले कुष्ठरोगको पहिचान समयमै भएर उपचार गरेमा रोग निको हुने र कुष्ठरोगका कारण हुनसक्ने अपांगतालगायतका स्वास्थ्य समस्यासमेत नहुने भएकाले लक्षण देखिएका र पहिचान भएका बिरामीले उपचार गराउनुपर्ने बताए । उनले छदेखि १२ महिनासम्म नियमित औषधि सेवन गरेमा कुष्ठरोगको उपचार हुने भएकाले कुष्ठरोगलाई भेदभाव र लान्छनाको दृष्टिकोणबाट हेर्न नहुने बताए ।

# बगरखेतीबाट जीविका चलाउँदै थारू समुदाय



■ सौर्य समाचार

कञ्चनपुर । जिल्लाको लालझाडी गाउँपालिका-६ चान्देउका सुदराम चौधरीले दोदा नदीको बगरमा तरकारी खेती गर्न लागेको १४ वर्ष भयो । भारतको दिल्लीदेखि मुलुकका धेरै ठाउँमा ज्यालादारी गर्दै हिँडेका चौधरीले अहिले भने दोदा नदी बगरको कमाइले धनगढीमा घडेरी खरिद गरेका छन् । पौने दुई बिघा बगरमा लौकी, काँक्रा, पर्सीलगायतका तरकारी उत्पादन गरी गाउँमै बिक्रीवितरण गरिरहेका चौधरीले वार्षिक साढे तीन लाख बचत गरेका छन् । ‘सबै खर्च कटाएर आम्दानी साढे तीन लाख जति हुन्छ, बगरको कमाइले छोराछोरी पढाउन, घर खर्च चलाउन पुगेको छ,’ उनले भने । चान्देउका सुदराम जस्तै यहाँका २० जना राना र चौधरी थारु समुदायका स्थानीयले ‘ एकजुट बगरखेती किसान समूह’ नै बनाएर बगरमा व्यावसायिक रुपमा तरकारी खेती गरिरहेका छन् । ‘समूहमा मासिक ५० रुपैयाँका दरले बचत पनि गर्छौं ।’ चौधरीले भने, ‘मलखाद खरिद गर्नेदेखि आयमूलक कामका लागि लगानी गरिन्छ ।’ बगरमा तरकारी खेती गर्न थालेपछि मजदूरीका लागि भारतलगायत अन्यत्र जाने बाध्यता हटेको किसानहरु बताउँछन् । बजारीकरणका लागि सरोकारवाला निकायबाट सहयोग भएको अवस्थामा उत्पादनमा समेत वृद्धि हुने उनीहरुको भनाइ छ ।स्थानीय रामदयाल रानाले पनि एक बिघामा बगरखेती गरेर घरखर्च चलाउन थालेको चारवर्ष भइसकेको छ । ‘कृषि ज्ञान केन्द्र, पालिका र दातृ निकायबाट बिउबीजन सहयोग भएको छ तर बजारीकरणमा भने समस्या छ,’ रानाले भने । महेन्द्रनगर, धनगढी, अत्तरियालगायतका बजारमा उत्पादित तरकारी लैजान सवारीसाधनको समस्या रहेको उनले बताए । बजारसम्म तरकारी पुर्‍याउने साधन कहीँबाट अनुदानमा पाए उत्पादन अझ वृद्धि गर्न सकिने उनले सुनाए । कृषि ज्ञान केन्द्र कञ्चनपुरले बगर खेती गर्ने किसानलाई बीउबीजन लगायतको सहयोग गर्दै आएकामा यसवर्ष भने अनुदान सहयोग कार्यक्रम नभएको जनाएको छ ।

महेन्द्रनगरस्थित नेपाल राष्ट्रिय समाज कल्याण संघ (एनएनएसडब्लुए)ले भने बगरमा खेती गर्ने किसानलाई बिउबीजन एवं प्राविधिक सहयोग गर्दै आएको छ ।एनएनएसडब्लुए उत्थान परियोजनाका संयोजक विनोद विक्रम जैरुले न्यून आयस्रोत समुदायलाई सहयोग गर्दै आएको बताए । यसपटक सोलारबाट सिँचाइका लागि पनि व्यवस्था गरिने उनले बताए ।

# ड्रागनफ्रुट सम्भावनासँगै बढ्दै चुनौती

■ सौर्य समाचार

पथरी । पछिल्लो समय ड्रागनफ्रुट व्यवसायमा किसानको आकर्षण बढ्दै गएको छ । खेती गर्न सजिलो, फल स्वादिलो तथा पोषिलो हुनुका साथै बजार मूल्यमा पनि समस्या नभएपछि ड्रागनफ्रुट व्यवसायमा किसानको आकर्षण बढ्दै गएको हो । बजारमा ड्रागनफ्रुट प्रतिकिलो छ सय ५० देखि आठ सय ५० सम्ममा किन्न पाइन्छ । नेपालमा पहिलो पटक जगनाथ राईले विदेशबाट ड्रागनफ्रुट भित्र्याएर खेती गरेका थिए ।

आइतबार सुनसरीको इटहरीमा भएको ‘ड्रागनफ्रुट प्रोड्युसर्स एशोसिएशन नेपाल’ प्रदेश नं १ को भेलामा किसानहरुले सम्भावनासँगै चुनौती पनि बढ्दै गएको बताएका छन् । फलको बजारिकरणमा समस्या हुन थालेपछि विकल्पका रुपमा जुस, जाम र वाइन जस्ता सामग्री उत्पादन गरेर बिक्रीवितरण गर्ने गरेको मोरङ पथरी शनिश्चरेका किसान प्रेम लिम्बूले बताए ।

ड्रागनफ्रुट खेतीका लागि विशेषज्ञ नभएको, माटो परीक्षण विधि नभएको र रोग लागेमा औषधि समेत नपाइने भएकाले खेती गर्न समस्या भएको झापा गौरिगञ्जका उपेन्द्र थापाले जानकारी दिए ।

जमिन र बिरुवामा जति धेरै विषादी प्रयोग गर्यो त्यती नै रोग लाग्ने सुनसरीका किसान कृपासुर घलले बताए । अहिले ड्रागनफ्रुटका बिरुवामा चार किसिमका रोगहरु (फङगल) देखा पर्न थालेका छन् । ‘ माटो र बिरुवाको सुरक्षाका लागि गाईको



गहुँत, गोबर र कुखुराको सुली प्रयोग गर्दा रोग लाग्दैन,’ उनले भने ।

कार्यक्रममा ‘ड्रागनफ्रुट प्रोड्युसर्स एशोसिएशन नेपाल’का केन्द्रीय उपाध्यक्ष भेषराज शाक्यले ड्रागनफ्रुट स्वास्थ्यका लागि फलदायक र लाभकारक हुने भएकाले खेतीमा धेरै सम्भावना भए पनि चुनौती थपिँदै गएको बताए ।  नेपालमा ड्रागनफ्रुट खेतीका विशेषज्ञ नभएको र सरकारसँग पनि माटो परीक्षणविधि नरहेका कारण किसान समस्यामा रहेको केन्द्रीय सदस्य वासु ढकालले बताए । नेपालमा ड्रागनफ्रुटमा बीमा नीति नभएका कारण सुरक्षाको प्रत्याभूति नरहेको ढकालले सुनाए । कार्यक्रममा दिननाथ भट्टराईले ड्रागनफ्रुट खेतीको चुनौती र खेती गर्ने विधिबारे सहजीकरण गरेका थिए भने बाबुराम निरौलाले माटो सुधारका विधिबारे जानकारी गराएका थिए ।

भेलाले जयबहादुर तामाङको अध्यक्षतामा ११ कार्यसमिति समेत गठन गरेको छ । एशोसिएशनको उपाध्यक्षमा सञ्जीव राई, सचिवमा एक्सन राई, कोषध्यक्षमा बाबुराम निरौला, सदस्यमा टेकनाथ पौडेल, कमला गुरुङ, रुद्रबहादुर कार्की, भुपेन्द्र थापा, सुरेस सिवाकोटी, मनिस राई र उसा तामाङ छन् । भेलामा प्रदेश नं १ का ५० जना भन्दाबढी किसानको सहभागिता थियो ।

# हिमपातले सेताम्य राराताल क्षेत्र



■ सौर्य समाचार

मुगु । गत मंगलबार बिहानैदेखि कर्णालीका उच्च भेगमा हिमपात हुन थालेको छ । राराताल क्षेत्रमा हिमपात हुँदा ताल झनै आकर्षक बनेको छ ।

आकर्षक पर्यटकीय गन्तव्य रहेको सो क्षेत्रमा भएको हिमपातले यहाँको दृश्य निकै मनमोहन बनेको छ । त्यहाँ पुगेर हिउँ खेल्न आन्तरिक तथा बाह्य पर्यटकको घुइचो लागेको छ ।  चिसोको प्रवाह नगरी रारा जाने क्रम जारी छ । रारा वरपर दुई फिटसम्म हिउँ जमेको छ । यस वरिपरिका रुखर बिरुवाहरु हिउँले फुलेका छन् ।

रारा क्षेत्रवरपर जताततै सेताम्य देखिन्छ । भारी हिमपात भएपछि तालको छेउमा सेतो सिरक राखेजस्तै देखिन्छ । राराले खैरो, बैजनी र नीलो गरी दिनमै तीन पटकसम्म आफ्नो रुप बदल्दा सेतो हिउँले यसमा झनै आकर्षण थपेको छ ।

जाडो समयमा रारा हेर्न आएका आन्तरिक पर्यटक राम शाहले राराको यस सिजनको दृश्य भाग्यमानीलाई मात्र हेर्न अवसर जुर्ने प्रतिक्रिया दिए । मुर्मा टपसम्म पुगेर सेताम्मे रारादेखि वारिपारिको बस्तीको दृश्यावलोकन गर्न सकिने भएकाले यो मौसम रारा भ्रमणका लागि उपयुक्त हुने पर्यटक बताउछन् । रारा क्षेत्रफलका पाँच किलोमिटर लम्बाइ, करिब तीन किलोमिटर मिटर चौडाइ र १६७ मिटर गहिराइ रहेको छ ।

रारामा विश्वमा दुर्लभ असला जातका माछा, रानी ट्राउट भ्यागुतो र तीन सय प्रजातिका चरा पाइन्छन् । कस्तुरी, रेडपाण्डा, मृग, घोरल, भालु, रतुवालगायत वन्यजन्तु अवलोकनका लागि रारा क्षेत्र महत्वपूर्ण मानिँदै आएको रारा राष्ट्रिय निकुञ्जको कार्यालयले जनाएको छ ।

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

## सम्पादकीय

# लामिछानेले हेक्का राखुन्

राष्ट्रिय स्वतन्त्र पार्टीले गृह मन्त्रालय नपाए सरकारबाट बाहिरिने चेतावनी दिएको छ । गृहमन्त्रालयमा फेरी पनि पार्टी अध्यक्ष रवि लामिछानेलाई नै पठाउने पहल थाल्ने निर्णय पनि राष्ट्रिय स्वतन्त्र पार्टीको आइतबार बसेको बैठकले गरेको छ । सर्वोच्च अदालतको फैसलाअनुसार आइतबार काठमाडौं जिल्ला प्रशासन कार्यालयमा पुगेर पुनः नागरिकता प्रमाणपत्र प्राप्त गरेका लामिछाने पार्टी अध्यक्ष पदमा फर्किसकेका छन् । लामिछानेले आइतबार एकैदिनमा नेपाली नागरिकता लिए, रा.स्व.पा. को सदस्यता लिए, केन्द्रिय समितिमा मनोनीत भए, पार्टीको सभापति भए, अनि प्रधानमन्त्रीसँग वार्ता गर्न बालुवाटार पुगे । अब यही गतिमा गृह मन्त्रालयको नेतृत्व लिने गरी उपप्रधानमन्त्री पदमा फर्कन लामिछानेलाई बाटो खुलेको ठहरमा उनको पार्टी पुगेको छ । नेपालको संविधान (२०७२) ले सांसद नरहे पनि ६ महिनासम्म मन्त्री बन्न सक्ने व्यवस्था गरेको छ । यसगरी सत्ता गठबन्धनको सबैभन्दा ठूलोघटक नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पनि लामिछानेलाई गृह मन्त्रालयमा पुनर्वाहली गर्न प्रधानमन्त्री प्रचण्डमाथि दबाब दिएको समाचार पनि आएको छ । यता अदालतको फैसलाको पूर्ण पाठ आउन बाँकी रहेको र राहदानी दुरुपयोग प्रकरण छिनोफानो हुन अझै बाँकी रहेको भन्दै लामिछानेलाई तत्काल गृहमन्त्रालयमा फर्काउन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड अनिच्छुक रहेको समाचार आएको छ । तर, राष्ट्रिय स्वतन्त्र पार्टी र नेकपा एमालेले कुनै पनि हालतमा तत्कालै लामिछानेलाई गृह मन्त्रालयमा पुनर्वहाली गर्न चट्टानी अडान लिए भने प्रधानमन्त्री प्रचण्डलाई सहज हुँदैन । आफ्नो अडानबाट पछि हट्न प्रचण्ड बाध्य हुनुपर्नेछ, होइन भने सत्ता समीकरण परिवर्तनको जोखिम मोल्न प्रचण्ड तयार हुनुपर्नेछ ।

ओलीले यो पाशा किन फ्याके ? भन्ने कुरा भुक्तभोगी प्रचण्डले बुझेको देखिन्छ । तर लामिछाने र उनको नेतृत्वको स्वतन्त्र पार्टीले यस्ता राजनीतिक दाउपेच बुझ्न अझै समय लाग्ने देखिन्छ । हिंडेर भन्दा छलाङ मारेर गन्तव्यमा पुग्ने क्रममा लामिछानेले सफलता पाएका छन्, तर चिप्लिएका पनि छन् । अब फेरी पनि चिप्लनु भनेको थला पर्नु हो भन्ने हेक्का लामिछानेले राख्नुपर्छ । एमाले अध्यक्ष ओलीले राष्ट्रिय स्वतन्त्र पार्टीको उत्तरोत्तर प्रगतिका लागि पक्कै पनि यो पासा फ्याँकेका होइनन् । चुनावका क्रममा आफ्नो मुख्यप्रतिस्पर्धी कुन पार्टी हो ? भन्ने कुरा ओलीले मज्जाले बुझेका छन् । गत आमचुनावको परिणम हेर्ने हो भने रास्वपाले जितेका सात वटा सिटमध्ये पाँच वटा सिटको निकटतम प्रतिस्पर्धी एमाले नै थियो । यसैगरी एमाले तथा एमालेको गठबन्धनले जितेका मध्ये तीन वटा सिटमा निकटम प्रतिस्पर्धी रास्वपा नै थियो । यसअघि लामिछानेलाई गृह मन्त्रालयको जिम्मेवारीमा पुऱ्याउनु ओलीको पहिलो सफलता थियो । गृहमन्त्रीका रूपमा लामिछानेलाई एक महिनासम्म खुब मज्जा आयो होला, तर बौद्धिक जगत माझ उनको लोकप्रियताको पारो ह्वात्तै घटेको कुरा कुनै आरोप नभएर यथार्थ सत्य हो । अब राहदानी प्रकरण बाँकी रहँदै र सांसदसमेत नभएको बेला गृह मन्त्रालमा पुनर्वहालीका लागि ओलीले आमन्त्रण गर्नु भनेको दसैँका लागि किनेर लगिएको खसीलाई घाँस हालेर डोऱ्याउन खोजे जस्तै हो भन्ने हेक्का लामिछाने र उनको पार्टीले राख्नुपर्छ । संवैधानिक तथा कानुनी तगाराहरू आफ्ना ठाउँमा होलान्, तर यस्तो अवस्थामा प्रमुख प्रतिपक्षीदल नेपाली कांग्रेसले संसद्को बैठक चल्न दिंदैन । प्रतिपक्षीका रूपमा यो धर्म निर्वाह गर्नुपर्ने वाध्यतामा नेपाली कांग्रेस पुग्छ ।

जनअधिकार प्राप्तिको संघर्षमा योगदान पुऱ्याएर, देश र जनताका जल्दाबल्दा समस्या समाधान गरेर राष्ट्रिय स्वतन्त्र पार्टीले आजको सफलता प्राप्त गरेको होइन, साविकका दलहरूले लोकतन्त्रका नाममा चलाएको पंगुतन्त्रविरुद्ध जनताले सजाय दिने क्रममा अपुताली परेको हो । अपुतालीबाट प्राप्त धनलाई फुर्माइस गरेर सिध्याउने वा बिउ पुँजीका रूपमा उपयोग गर्ने ? भन्ने विकल्प रोज्ने छुट लामिछाने र उनको पार्टीलाई छ । तर जनताको चाहना भने यो पार्टी विकल्पका रूपमा अघि बढोस् भन्ने छ । सरकारमा सामेल भए यता लामिछानेको गतिविधिप्रति जनता आशावादी छैनन् । आफू विरुद्धको मुद्दालाई राज्य संयन्त्रको दुरुपयोग गरेर प्रभावित बनाउन लामिछाने गृहमन्त्री बनेको सन्देश प्रवाह भइसक्यो । सत्ताको सुखभोगका निम्ति उपप्रधानमन्त्रीहरूको ताँती लगाएको सन्देश पनि प्रवाह भइसक्यो । आफ्ना प्रतिद्वन्द्वीलाई करिब ३४ हजार मतको अन्तरले करिब ४९ हजार मत ल्याएर लामिछानेले चितवन २ बाट चुनाव जितेका हुन् । अब उपनिर्वाचनमा त्यो साख जोगाउन नसके पाँच वर्षपछि हुने आमनिर्वाचन उनको पार्टीका लागि भारी पर्नेछ । तसर्थ आफ्नो पार्टीको कसैलाई गृहमन्त्री बनाउने बाटो उनले रोजुन् । आफू सिंहदरबारमा अलमलिने होइन चितवनका घरघरमा पुगुन् । दलीय व्यवस्थामा भिडको समर्थनले मात्रै पुग्दैन । पार्टी संगठन पनि चाहिन्छ । उपप्रधानमन्त्री बने यताको एक महिनाको अवधिमा आफ्नो पार्टीको संगठन के कति वृद्धि भएको छ ? लुकेर भोट दिएका कांग्रेस, एमालेका परम्परागत मतदाताहरू अब खुला रूपमा घण्टी बजाउन के कति तयार भएका छन् ? त्यसको समीक्षा गरुन् ।

# राप्रपाद्वारा प्रचण्डलाई राष्ट्रवादीको पगरी



निनाम लोवात्ती

> कमरेड प्रचण्डलाई यो वाध्यतामा पुऱ्याउने काम (राप्रपा) ले गरेको हो । अब त राप्रपाले प्रचण्डको घाँटीमा नयाँ गल-पासो झुन्ड्याइदिएको छ । जुन गल-पासो हो 'नेपालका भौगोलिक एकीकरणका अभियन्ता तथा तत्कालीन गोरखा राज्यका राजा पृथ्वीनारायण शाहको जन्मोत्सव (पुस २७ का दिन) मा राष्ट्रिय बिदा दिनुपर्ने र राष्ट्रिय एकता दिवस मनाउनुपर्ने ।' यसलाई राप्रपाले प्रमुख अडानका रूपमा लिएको देखिन्छ । नेपालको अखबारी बजार र अनलाइन न्युज पोर्टलमा पढिएअनुसार, नेपाली भूगोलका एकीकरणकर्ता तथा तत्कालीन गोरखाका राजा पृथ्वीनारायण शाहको जन्मोत्सव (पुस २७ का दिन) (माके) को भ्रातृ संगठन अखिल क्रान्तिकारी र (राप्रपा) ले संयुक्त रूपमा मनाए

नेपालको सन्दर्भमा राष्ट्रवाद तुलनात्मक रूपमा नयाँ अवधारणा हो । इतिहासकारहरूले उल्लेख गरेका छन्, गोर्खाका राजा पृथ्वीनारायण शाहको हालत साहुहरूसँग सापटी लिएर खर्च चलाउनुपर्ने अवस्थामा थियो । नेपाल जितिसकेपछि भने उनको चिन्ता अंग्रेजले मुलुक खाइदिन्छन् कि भन्ने भयो । त्यसैले उनले क्रिस्चियन पादरीलाई देश निकाला गरे र विदेशी व्यापारीलाई उपत्यका पस्न रोक लगाए । भारतवर्षमा जरा गाडिसकेको अंग्रेजको डर त्यसपछिका सबै शासकमा रहँदै आयो । तर त्यतिन्जेल राष्ट्रवादजस्तो कुनै अवधारणा बनेको थिएन । इतिहासकार फादर लुडविग स्टिलरका अनुसार पृथ्वीनारायणको समयदेखि नै शक्ति, सम्पत्ति र प्रतिष्ठाको परिचयकका रूपमा जग्गाजमिनलाई लिइन्थ्यो । गोर्खाली सेनामा भर्ना हुनआउने सैनिक कमान्डरहरूलाई पृथ्वीनारायणले जग्गाजमिनको प्रशस्त लोभ देखाएका थिए । अमरसिंह थापा लगायतका लडाकुहरू लमजुङबाट यसैकारण गोर्खाली सेनामा आएका थिए । बिर्ता र जागिरका रूपमा हजारौं बिघा जमिन भाइभारदारलाई दिने चलन यही नीतिको निरन्तरता थियो । अर्थात् गोर्खाली सेनाको गठन कुनै प्रकारको राष्ट्रवादको चेतनामा टेकेर गरिएको थिएन, बरु जग्गाजमिन र त्यसबाट पैदा हुने शक्ति र प्रतिष्ठालाई पुँजीकृत गरेर गरिएको थियो ।

सुगौली सन्धिपछि बलभद्र पन्जाबको सेनामा जागिर खान जानु र अरू हजारौं अनाम सैनिकहरू बेलायती सेनामा भर्ती हुनु यसैको प्रमाण हो । उक्त सन्धिपछि अंग्रेजलाई गोर्खा सिपाही उपलब्ध गराउने सर्तमा नेपालले लडाइँमा गुमाएको पूर्वी तराई फिर्ता पाएको थियो । त्यसपछि ब्रिटिस सेनामा गोर्खा रेजिमेन्ट नै बन्यो । जो गोर्खाली राजाका लागि सिपाही बनेर लड्थे, तिनै अब अंग्रेजका लागि लड्न थाले । जंगबहादुरले त लखनऊ लुट नै मच्चाएर अंग्रेजको चाकरी गरे । राणा शासनभरि अंग्रेजलाई खुसी पार्ने र आफ्नो शासन जोगाउने नीति लिइयो । शासकहरूले बाहिरी प्रभाव नछिरोस् भनेर देशलाई एकप्रकारले बन्दीगृह नै बनाइयो । कथित राष्ट्रवादी इतिहासकारहरू यही बन्द समाजको अवधारणालाई राष्ट्र जोगाउने राष्ट्रवादको संज्ञा दिन्छन् । पूर्वका किराती (राई, लिम्बु) हरू त धेरैपछिसम्म गोर्खाली शासकलाई घृणा गर्थे ।

हो, ठूला राजनीतिक दलका नेताहरूले निक्कै तामझामका साथ गएको मंसिर ४ गते संघ र प्रदेशको निर्वाचनमा भाग लिए । साथै ती ठूला भनिने दलका केही नेताहरूले त आफ्नो दल एक्लैले प्रत्यक्षमा १ सय २० सिट जित्ने र, समानुपातिक र प्रत्यक्ष गरेर सजिलैसँग एकल बहुमत ल्याउने उद्घोषसमेत गरेका थिए भने केही दलका नेताले आफ्नो दलले प्रत्यक्षमा ९० सिट जित्ने र समानुपातिक र प्रत्यक्ष गरेर बहुमत पुग्ने उद्घोष गरेका थिए । त्यस्तै केही दलका नेताले चाहिँ प्रत्यक्षमा ८० सिट जित्ने र समानुपातिकमा ५० सिट जित्ने उद्घोष गरेका थिए । त्यसो भन्ने नेताहरू र उनीहरूको दलले कति सिट जित्यो ? भनी पुनः यहाँ लेखिरहनु परेन, बताइरहनु परेन । तर, नेपालको राजनीतिमा यसपटक के अचम्म भयो भने, पहिलो स्थान प्राप्त गरेको नेपाली कांग्रेस (नेका) र दोस्रो स्थान प्राप्त गरेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा एमाले) भन्दा धेरै कम सिट जितेर तेस्रो स्थान प्राप्त गरेको राजनीतिक दल माओवादी केन्द्र (माके) का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) तेस्रोपटक नेपालको प्रधानमन्त्री बन्न सफल हुनुभएको छ ।

तर, यो लेखमा चर्चा गर्न लागिएको चाहिँ गत ४ मंसिरमा सम्पन्न भएको संसदीय निर्वाचनको समग्र मत परिणामको विश्लेषण गर्दै २८ मंसिरमा 'बाह्रखरी' अनलाइनमा प्रकाशित समाचारबारे हो । सो समाचारअनुसार नेपालका प्रमुख राजनीतिक दल मानिएका नेका, एमाले र माकेले ०७४ सालमा भएको संसदीय निर्वाचनमा पाएको लोकप्रिय मतभन्दा ०७९ को संसदीय निर्वाचनमा पाएको लोकप्रिय मत ८ लाख ६९ हजार चानचुन घटेको छ । बाह्रखरीमा उल्लेख भएको सो समारचारमा ०७४ सालमा भएको निर्वाचनमा देशमा जम्मा मतदाता संख्या १ करोड ५४ लाख २७ हजार मतदाता रहेका थिए भने ०७९ सालको निर्वाचनमा मतदाता संख्या बढेर देशभरि कुल १ करोड ७९ लाख ८८ हजार मतदाता मतदान गर्न योग्य भएका थिए । यसरी पाँच वर्ष अघिभन्दा अहिले लगभग २५ लाख मतदाता बढ्दा पनि हालसम्मका प्रमुख राजनीतिक दल मानिएका नेकपा (एमाले), नेपाली कांग्रेस (नेका) र माओवादी केन्द्र (माके) ले समानुपाकि मत अर्थात् लोकप्रिय मत घटाएका छन् । हुन पनि ऊ बेला (हालै सम्पन्न निर्वाचनअघि) नेकपा (एमाले), नेपाली कांग्रेस (नेका) र माओवादी केन्द्र (माके) तीन वटै राजनीतिक दलहरूले नै पालैपालो लगातार रूपमा सत्ता चलाएका थिए । यसरी सत्तामा रहँदाको अवस्थामा पनि उनीहरूको लोकप्रिय मत घट्नु के को संकेत हो ? यस बारेमा अब हामीले ढिला नगरी घनीभूत ढंगले बहस र छलफल गर्नुपर्ने देखिन्छ ।

किनभने, राज्य पक्षको मिडिया र बुद्धिजीवीहरूको एकपाखे भनाइ के रहेको छ भने नेपालमा जातजाति, भाषाभाषी, धर्मिक अल्पसंख्यक, पिछडिएको क्षेत्र, लिंग, वर्ग, कम जनसंख्या भएको अल्पसंख्यक जातिलाई पनि समेट्ने, समावेशीकरण (अझ समानुपातिक समावेशीकरण त भनेकै छैन) क्षेत्र आदिलाई पनि समेटौं भन्ने मानिसहरू अति जातिवादी हुन्, क्षेत्रीयतावादी हुन्, विखण्डनवादी हुन्, रेसिस्ट हुन, क्रिस्चियन धर्मको एजेन्ट हुन्, ...आदि हुन् । किन हो कुन्नी नेपालका मूलधारका भनिने, बुद्धिजीवी, मिडिया, मिडयाकर्मी आदिले एकतर्फी ढंगले आधारहीन आरोप लगाउने गर्छन् । यसरी नेपालमा 'समावेशीकरण, समानुपातिकता, आत्मनिर्णयको अधिकार, मौलिक हक, धार्मिक हक, मानवअधिकार, क्षेत्रीय विभेद, भाषिक हक-अधिकार, आदिवासीवाद आदिलाई प्रमुख मुद्दा बनाएर गठन भएका राजनीतिक दल र समूहलाई देखि नसहेर नेपालका मूलधारका भनिने मिडिया, तिनमा कार्यरत पत्रकारहरू र बुद्धिजीवीहरूले 'जातिवादी, क्षेत्रीयतावादी, विखण्डनवादी, रेसिस्ट, क्रिस्चियन धर्मका एजेन्ट हुन्' भनी पहिलै घोषणा गर्दै 'क्वाइन' गरेर प्रचारप्रसार गर्छन् । किन गर्छन् थाहा भएन । तापनि यसपटकको संघ र प्रदेशको निर्वाचनमा केही नयाँ राजनीतिक दलहरूको उदय भएको छ । त्यसमध्ये एक राजनीतिक दलका प्रमुखले त उपप्रधानमन्त्रीसँगै गृह मन्त्रालय सम्म हाँक्न पुगेका थिए । उता सधैं सुट, पाइन्ट र टाइमा सजिने प्रचण्ड कामरेडलाई अब दौरा, सुरुवाल र कोटको 'नयाँ राष्ट्रवादी पगरी' भिराइएको छ । त्यसैले तेस्रोपटक प्रधानमन्त्रीको सपथ खान पनि दौरा, सुरुवाल र टोपी लगाएर गए । जबकि प्रचण्ड सदाबहार रूपमा टाई, सुट र कोट लगाएर हिँड्थे । यसरी हेर्दा कमरेड प्रचण्ड प्रधानमन्त्री बन्नका लागि जे गर्न पनि तयार छन् भन्ने आममानिसहरूले आशंका गरेको देखिन्छ । भनिन्छ, कमरेड प्रचण्डलाई यो वाध्यतामा पुऱ्याउने काम (राप्रपा) ले गरेको हो । अब त राप्रपाले प्रचण्डको घाँटीमा नयाँ गल-पासो झुन्ड्याइदिएको छ । जुन गल-पासो हो 'नेपालका भौगोलिक एकीकरणका अभियन्ता तथा तत्कालीन गोरखा राज्यका राजा पृथ्वीनारायण शाहको जन्मोत्सव (पुस २७ का दिन) मा राष्ट्रिय बिदा दिनुपर्ने र राष्ट्रिय एकता दिवस मनाउनुपर्ने ।' यसलाई राप्रपाले प्रमुख अडानका रूपमा लिएको देखिन्छ । नेपालको अखबारी बजार र अनलाइन न्युज पोर्टलमा पढिएअनुसार, नेपाली भूगोलका एकीकरणकर्ता तथा तत्कालीन गोरखाका राजा पृथ्वीनारायण शाहको जन्मोत्सव (पुस २७ का दिन) (माके) को भ्रातृ संगठन अखिल क्रान्तिकारी र (राप्रपा) ले संयुक्त रूपमा मनाए । प्रचण्ड कामरेड, क्या गज्जबको राष्ट्रवाद ? तर, नेपालका आदिवासी जातजाति, भाषाभाषी, हिन्दू धर्मबाहेक अन्य धार्मिक समूहप्रति अनुदारवादी रुझान राख्ने, अल्पसंख्यक, तेस्रो लिंगी, मजदुर, किसान आदिप्रति अनुदारवादी रुझान राख्ने कामरेडहरूका लागि पनि यो काम गराई गज्जबकै राष्ट्रवाद हुने भयो । किनभने 'हिजोसम्म वर्ग नै सबै कुरो हो, वर्ग नै प्रधान शत्रु हो, नेपालका जातजाति, भाषाभाषी, धार्मिक समूह, महेन्द्रीय राष्ट्रवाद, अल्पसंख्यक, हिन्दू धर्म आदि केही पनि होइन है' भन्ने ससानादेखि ठूल-ठूला राजनीतिक दल, त्यसमा पनि कम्युनिस्ट पार्टीहरूले यस पटकको समानुपातिक (लोकप्रिय) मत कम ल्याएका छन् ।

मत परिणाम हेर्दा यसपटक भएको संघीघ र प्रदेशसभाको निर्वाचनमा समानुपातिक अर्थात लोकप्रिय मत निर्वाचन चिन्ह तीर, गिलास, हँसिया-तारा, गैंती, पाँच कुने तारा, करुवा, जोडी मान्छे आदिमा भन्दा खुकुरीसहितको दाप, कुखुरोको भाले आदि निर्वाचन चिह्नमा धेरै मत खसेको छ । स्मरण रहोस्, यसपटकको निर्वाचनमा कुखुरोको भाले निर्वाचन चिह्नले ४९ हजार लोकप्रिय मत कटाएको छ । अब कुखुरोको भाले निर्वाचन चिह्नवाला कामरेडहरू के हुन्, कस्ता हुन् ? उनीहरूको मूल नारा के हो, राजनीतिक सिद्धान्त के हो ? आदिबारे त तपाईहरूलाई पनि थाहा छँदै छ । अर्को विषयचाहिँ प्रत्यक्षमा संभव नभए तापनि समानुपातिकको बन्द सूचीको नाम सूची बनाउँदा अर्को संसद्को निर्वाचनदेखि समानुपातिक समावेशीताको कुरोलाई व्यवहारमै उतार्दै ०७८ सालको जनगणनाको तथ्यांक आउने सबै जातजाति, भाषाभाषी, धार्मिक समूह, आदिवासी जनजातिको सूचीमा नपरेको कुलुङ जातिका साथै सूचीमा रहेका तर कम जनसंख्या भएका कुसुन्डा, राउटे, राजी, हायु आदि पनि अनिवार्य चुनिएर आउने वा समानुपातिकमा जिताउने व्यवस्था गर्नैपर्ने देखिन्छ । यो व्यवस्था संघीय संसद्मा संभव नभए प्रदेशसभामा अनिवार्य रूपमा गर्ने गरी निर्वाचन कानुनमा नै संशोधन गर्नुपर्ने देखिन्छ ।

# के हो त आत्मदाह ? मान्छे किन आत्महत्या गर्छन् ?



डा. इश्वरी खनाल

> विभिन्न अध्ययन हेर्दा विकसित देशहरूमा आत्महत्याबाट हुने मृत्युमध्ये आत्मदाहबाट हुने मृत्यु एक प्रतिशतभन्दा कम छ भने न्यून र मध्य आयस्तर भएका देशमा आत्मदाहको प्रवृत्ति निकै उच्च छ । इरानमा आत्मदाहबाट हुने मृत्यु अत्यधिक रहेको पाइन्छ । विश्व इतिहास हेर्ने हो भने ग्रिकमा सन् ८०० तिर नै आत्मदाहको प्रयास भएको देखिन्छ भने हिन्दु संस्कृति हेर्दा पनि 'सती प्रथा' को इतिहास निकै पुरानो रहेको छ । बौद्ध धर्ममा समेत मोक्ष प्राप्तिका लागि भन्दै आत्मदाह गरेको उदाहरण भेटिन्छ

अघिल्लो मंगलबार संसद् भवन अगाडि पुगेर आफ्नो शरीरमा आफैंले आगो लगाएका युवा व्यवसायी प्रेमप्रसाद आचार्यको उपचारका क्रममा भोलिपल्ट बुधबार निधन भयो । बैठक चलिरहेकै बेला संसद् भवनअगाडि आत्मदाह गरिनु मामुली कुरा होइन । आत्मदाह गर्नुअघि उनले आफ्नो फेसबुकमा गरेको पोस्ट ज्यादै मार्मिक छ । उनले फेसबुकमा उल्लेख गरेका कुरा के कति सत्य हुन् ? त्यसको छानविन गर्नुपर्छ । आत्महत्याका लागि दुरुत्साहन गर्ने पनि कारबाहीको भागिदार हुने कानुनी व्यवस्था छ । प्रेमप्रसाद के कति अन्यायमा परेका थिए ? भन्ने कुरा छानविनपछि सतहमा आउने नै छ, तर अन्यायकै कारण आत्मदाह गरिएका तथा आत्मदाहको प्रयास गरिएका घटनाहरू नेपालमा धेरै छन् । केही महिनाअघि निहारिका राजपूतले राष्ट्रपति भवन अगाडि आत्मदाहको प्रयास गरेकी थिइन्, समयमै प्रहरीले थाहा पाएका कारण अप्रिय घटना भएन । उनी साँच्ची नै अन्यायमा पेरकी रहिछन् भन्ने कुरा अदालतलेसमेत पुष्टि गरिसकेको छ ।

प्रायः मानसिक तनाव तथा पीडा थेग्न नसकी बाँच्नुभन्दा मर्न सजिलो ठानेर मानिसले आत्महत्या गर्छन् । तर, यस किसिमको पीडा नहुँदा पनि मानिसले रिसको आवेगमा आत्महत्या गरेको पनि पाइन्छ । कतिपय देशमा आत्महत्या तथा आत्महत्याको कोशिस सामाजिक दृष्टिमा पाप र कानुनी दृष्टिमा अपराध मानिन्छ । धार्मिक दृष्टिमा त आत्महत्या गर्ने मानिस सिधै नर्कमा जान्छन् भन्ने मान्यता छ । तर मनोवैज्ञानिक दृष्टिमा आत्महत्या एकप्रकारको मानसिक विकृति (रोग) हो । यो विकृति पछिल्लो ५० वर्षको अवधिमा ६० प्रतिशत बढेको छ ।

हिजोआज आत्महत्या मृत्युको प्रमुख कारण बनेको छ । संसारभर बढी आत्महत्या हुने मुलुकहरूमध्ये नेपाल सातौं स्थानमा पर्ने विश्व स्वास्थ्य संगठनले जनाएको छ । नेपालमा बर्सेनि औसत ८ हजार ६ सय ४० जना मानिसले आत्महत्या गर्ने गरेका छन् । आफ्ना अत्यन्त प्रियजनलाई बाँचुन्जेल रुवाएर बैरीको मेख माछु भन्ने सोच सामान्य दिमागको उपज हुन सक्दै सक्दैन । बैरीसँग बदला लिने त बाँचेर, संघर्ष गरेर हो, आफ्ना परिवारजनलाई आजीवन पीडा दिने बाटो रोज्नु भनेको उल्टै बैरीलाई खुसी बनाउनु हो । यो जान्दाजान्दै पनि मानिस किन आत्महत्या गर्छन् त ? भन्ने प्रश्न निकै गम्भीर छ ।

तीन महिनाअघि काठमाडौंको धुम्बाराहीमा एक जना महिलाले आत्मदाह गरेको घटना सेलाउन नपाउँदै यतिबेला अनलाइन मिडिया, पत्रपत्रिका, सामाजिक सञ्जाल, सडक र सदन सबैतिर एउटै शब्द गुञ्जायमान छ- आत्मदाह । इलामका प्रेमप्रसाद आचार्यले संसद् भवन अगाडि शरीरमा पेट्रोल खन्याएर आत्मदाह गरेपछि अनेकन प्रश्न उब्जिएका छन् । किन यसरी जलेका होलान्, कति पीडा भयो होला, कति धेरै तनाव लुकाएर राखेका होलान् अहिलेसम्म, परिवारलाई कस्तो भयो होला, जलेर नै किन मृत्युवरण गरेका होलान्, यस्तै यस्तै ।

**के हो त आत्मदाह ?**

आत्मदाह आफ्नो इच्छाबमोजिम आफ्नै जीवन अन्त्य गर्नका निमित्त शरीरमा पेट्रोल, मट्टितेल वा अन्य प्रज्वलनशील पदार्थ खन्याएर आगो लगाई आत्महत्या गर्ने क्रुर विधि हो । शरीरमा आगो लगाएपछि शरीरका अधिकांश भाग जलेर, शरीरमा अक्सिजनको मात्रा समेत कम भई निस्सासिएर ७० प्रतिशतभन्दा बढीको मृत्यु हुने सम्भावना हुन्छ ।

विभिन्न अध्ययन हेर्दा विकसित देशहरूमा आत्महत्याबाट हुने मृत्युमध्ये आत्मदाहबाट हुने मृत्यु एक प्रतिशतभन्दा कम छ भने न्यून र मध्य आयस्तर भएका देशमा आत्मदाहको प्रवृत्ति निकै उच्च छ । इरानमा आत्मदाहबाट हुने मृत्यु अत्याधिक रहेको पाइन्छ । विश्व इतिहास हेर्ने हो भने ग्रिकमा सन् ८०० तिर नै आत्मदाहको प्रयास भएको देखिन्छ भने हिन्दु संस्कृति हेर्दा पनि 'सती प्रथा' को इतिहास निकै पुरानो रहेको छ । बौद्ध धर्ममा समेत मोक्ष प्राप्तिका लागि भन्दै आत्मदाह गरेको उदाहरण भेटिन्छ ।

अरब राष्ट्रहरूमा महिलामा हुने शोषण, जबर जस्ती, स्वेच्छामाथिको प्रतिबन्धका कारण आत्मदाह गरेको भेटिन्छ भने चीन, कोरिया र भियतनाममा राजनीतिक प्रतिकारका लागि आत्मदाह गरेका उदाहरण छन् । भारतकै कति राज्यमा युद्धमा परास्त हुने निश्चिततापश्चात् विपक्षी सैनिकहरूले दास बनाउने, जबरजस्ती करणी गर्ने, बन्धक बनाउने हुनाले आफूसँगै बच्चाहरूसमेत आत्मदाह गर्ने प्रचलन रहेको देखिन्छ । नेपालमा नौ वर्ष पहिले तिब्बती नागरिकले गरेको आत्मदाह र बेलाबेलामा हुने अन्य घटनाले आत्महत्या रोकथामका लागि गरिएका र भइरहेका प्रयासहरूमा चुनौती थपिरहेको छ ।

आत्मदाहपछि मिडियामा आउने समाचार, सामाजिक सञ्जालभरि देखिने जलेको भिडियो र सबैतिर छताछुल्ल हुने गरी पोखिएका भावनाले थप आवेग, नैराश्यता, पीडा र फेरि दोहोरिन सक्ने घटनाको भयलाई मानसिक स्वास्थ्यसँग जोडेर हेर्दा झनै त्रसित बनाउने गरेको देखिन्छ ।

**आत्मदाह नै किन रोज्छन् मानिस ?, आत्महत्या/आत्मदाहका जोखिम**

आत्महत्याका अधिकांश प्रयासहरूमा सजिलो र कम पीडा भएका विधि रोजेको देखिन्छ । तर आत्मदाह जस्तो कठोर र कष्टकर उपाय किन रोज्छन् त ?

१) आत्मदाहपश्चात् गरिएको (इरान, ट्युनिसिया र अफगानिस्तानमा) अध्ययन बमोजिम आत्मदाह गर्ने व्यक्तिहरूमा डिप्रेसन, एड्जस्टमेन्ट डिसअर्डर, पर्सनालिटी डिसअर्डर, साइकोसिस, लागूपदार्थ प्रयोग या दुर्व्यसनजस्ता समस्याहरू रहेको देखिएको छ । कतिले आत्मदाहपूर्व समेत आत्महत्याको प्रयास गरेको पाइन्छ ।

२) आन्तरिक र बाह्य तनाव (पारिवारिक, आर्थिक, व्यक्तिगत) को स्थितिमा आफूले आफैंलाई घृणाको रूपमा लिनु, नकरात्मक सोच रहिरहनु र अरूलाई केही हानि नपुगोस् भनी आफूले आफैंलाई क्रूर पीडा दिन सक्ने विनासकारी व्यक्तित्व रहेका कारण ।

३) तत्कालको आवेगलाई सही ढंगले व्यवस्थापन गर्न नसकेका कारण ।

४) आफूले पराजय भोग्नु परेको हीनताबोध, घृणा, अरूले गरेको तिरस्कार र जीवनका आफ्ना पूर्ण नभएका असफल इच्छाहरूलाई सांकेतिक रूपमा पीडामार्फत साट्नका लागि ।

५) धर्मका कारण या आफ्नो आत्मत्याग गरी समाजमा योगदान पुऱ्याउन या राजनीतिक अशान्ति, शोषण र अन्य सामाजिक परिवर्तनका लागि उदाहरणीय बन्नका निम्ति ।

**रोकथामका उपाय**

नेपालमा अझै पनि दैनिक १९ जनाले आत्महत्या गरिरहेका छन् । वार्षिक सात हजारभन्दा माथिको मृत्यु आत्महत्याका कारण हुने गरेको छ । सबै आत्महत्या आवेगमै आएर गरिएका हुँदैनन्, एउटा पूर्ण आत्महत्यापूर्व थुप्रै अपूर्ण प्रयासहरू, आत्महत्यासम्बन्धी स्पष्ट वा अस्पष्ट सुरागसमेत रहेका हुन्छन् । आत्महत्या रोक्न सकिने किसिमको समस्या हो । आत्महत्या वा आत्मदाहका अधिकांश घटना धेरैजसो समयमा कुनै न कुनै मानसिक स्वास्थ्य समस्याका कारण हुने हुनाले बेलैमा मनोचिकित्सकसँग सहयोग लिनु आवश्यक हुन्छ ।समाजले हेर्ने दृष्टिकोण, सामाजिक कलंकका कारण अझै पनि मानसिक स्वास्थ्य सेवा लिन हिच्किचाहट रहेको छ । मानसिक स्वास्थ्यका बारेमा प्रोत्साहन गरौं, खुलेर कुरा गरौं । हातहतियार, प्रज्वलनशील वस्तु, औषधि, किटनाशक विषादीहरूको उचित व्यवस्थापन गरौं । मिडियामा आत्महत्यासम्बन्धी समाचार वा भिडियो हाइलाइट गरेर राख्दा पीडितका परिवारजन र आफन्तमा त असर पर्छ नै, उस्तै सोच र पीडा भएकाहरूमा समेत नकारात्मक असर पर्छ । त्यसैले, यस्ता समाचार राख्नुपूर्व विचार गरौं । कसैलाई आत्महत्यासम्बन्धी सोच आएमा जुनसुकै बेला शुल्क नलाग्ने '११६६' मा सम्पर्क गरी परामर्शदाताको सहयोग लिऔं ।

*(डा.खनाल मानसिक अस्पताल, लगनखेलका मानसिक रोग विशेषज्ञ हुन्)*

# ९९ जना महिलाले चलाएको रेष्टुराँ !

■ सौर्य समाचार

पोखरा । संकाय विज्ञानमा अंक ९९ एउटा चक्रको अन्त्य र अर्को चक्रको सुरुवात हो । गणना विधिमा दुई अंकको चक्र ९९ सकिन्छ र तीन अंकको चक्र सुरुहुन्छ । धार्मिक हिसाबले अंक ९९ लाई प्रतिकात्मक रुपमा विभिन्न सकारात्मक विषयसँग जोडेर हेर्ने गरिन्छ । एकता, प्रतिवद्धता, कार्यसफलतालगायतका भाव र अर्थको संकेत यो अंकले दिन्छ ।

उनान्सय जना महिलाले पर्यटकीय नगरी पोखरामा सञ्चालन गरेको व्यवसाय 'रोयल दिदीबहिनी किचन' यस्तै प्रतीकात्मक बिम्ब हो । जसले निकै खराब समयबाट गुज्रिएर आशाको प्रकाश बालेको छ र यो महिला सशक्तिकरणको ज्वलन्त उदाहरण बनेको छ । यहाँ गृहणीदेखि विभिन्न पेशा व्यवसायमा जोडिएका महिला एकताबद्ध भएर केही फरक, चुनौतीपूर्ण र नमूना काम गर्ने प्रयासमा छन् ।

पोखरा महानगरपालिका-१० को बुद्ध चोकमा महिलाहरुको सामूहिक प्रयासमा साढे दुई करोड लगानीमा रेस्टुराँ सुरु भएको हो । उनीहरु सबै पोखरा 'रोयल बचत तथा ऋण सहकारी'मार्फत् एकआपसमा जोडिए । कम्पनी ऐनअनुसार निजी कम्पनी दर्ता गरे र रेस्टुराँ तथा बैंकेट चलाए ।

महिला सशक्तीकरणका लागि केही फरक गर्नुपर्छ भन्ने लागेरै आफूहरुले रेस्टुराँ सुरु गरेको सञ्चालक रुद्रकुमारी




गुरुङले बताए । पोखरा रोयल बचत तथा ऋण सहकारीमा अध्यक्ष गुरुङकै नेतृत्वमा महिलाहरु एकजुट भइ दिदीबहिनी किचन स्थापना गरेका हुन् । 'सहकारीमा उपाध्यक्ष हुँदा मैले दिदीबहिनी किचनको नेतृत्व गरेको हुँ । विभिन्न अध्ययन अवलोकन र भ्रमणमा आउनेका लागि कार्यक्रम सञ्चालन गर्न र सँगसँगै खाना खान मिल्ने ठाउँको आवश्यकता महशुस भएपछि रेस्टुराँ सुरु गरेका हौं,' गुरुङले भनिन् ।

महिलाहरु एकताबद्ध भएर भइ सञ्चालन गरेको यो व्यवसाय आफैंमा उदाहरणीय भएका कारण विभिन्न क्षेत्रका महिला समूह र सहकारी संस्थाका सदस्यहरु अध्ययन तथा अवलोकनका लागि आउने गरेको उनले सुनाए ।

रोयल दिदीबहिनी किचनमा पोखरा रोयल सहकारीकै सदस्यहरु जोडिएका भएपनि छुट्टै कम्पनी हो । यो प्राइभेट लिमिटेडका रुपमा दर्ता छ । हरेक सदस्यले समान साढे दुई लाख रुपैयाँ बराबर लगानी गरेका छन् । रेष्टुराँमा एक सय जनालाई एकै साथ सेवा दिने क्षमता छ भने एक सय जनासम्म अटाउने बैंकेट तथा पार्टी भेन्यु पनि सञ्चालनमा छ । एउटा रेन्टुराँ चलाउनका लागि उनान्सय जनाको लगानी किन ? 'यसको सांकेतिक अर्थ त छ नै । व्यवहारिक रुपमा पनि यस्तो हुन गयो । प्राइभेट कम्पनीमा ९९ जनाभन्दा बढी सदस्य बस्न नमिल्ने रहेछ । नत्र हामी अरु महिला दिदीबहिनीलाई पनि यसमा सहभागी गराउने सोचमा थियौं,' सञ्चालक गुरुङले भनिन् । कोभिड-१९ महामारीभन्दा केही समयअघि मात्र सुरु भएको रेस्टुराँ लकडाउनका समयमा नराम्रोसँग थलियो । व्यवसाय पूर्णरुपमा बन्द भएपछि सञ्चालन खर्चसमेत धान्न नसक्ने अवस्था आएको थियो ।

तर दिदीबहिनी किचनले कर्मचारी कटौती गरेन । तीन वर्षदेखि सञ्चालनमा रहेको रेस्टुराँमा हाल २० जना कर्मचारी छन् । व्यवसाय सुरु गरेको पहिलो दुई वर्ष निकै समस्या भोगेको रेस्टुराँ आर्थिक वर्ष २०७८/७९ मा भने लगानीकर्तालाई पाँच प्रतिशत लाभांश दिन सफल भएको अध्यक्ष गुरुङले सुनाइन् । दिदी बहिनी किचेनले सामाजिक क्षेत्रमा पनि काम गर्दै आएको छ । 'रेस्टुराँसँग जोडिएका दिदीबहिनीहरु सामाजिक काममा पनि खटिन्छन् । यसवर्ष हामीले न्यून आर्थिक अवस्था भएका केहीलाई न्यानो कपडा बाँड्यौं । कम्पनीमा आवद्ध महिलालाई अन्य सीपमुलक काममा पनि खटाउने गरेको उनले सुनाइन् ।सहकारीको अवधारणाबाट सञ्चालित रेष्टुराँ निजी क्षेत्रका लागि पनि अनुकरणीय छ । यहाँ सदस्यहरु आफै सेवामा खटिन्छन् । लगानीकर्ताका परिवारका सबै सदस्य प्रत्येक महिना कम्तीमा एकपटक यो रेस्टुराँमा खाना खान आइपुग्छन् ताकि यहाँको व्यवस्थापन मात्र होइन खानेकुराको स्वाद, गुणस्तर, सेवाप्रवाह जस्ता कुराको जानकारी लिन सकियोस ।

# फोहरले कालीगण्डकी कोरिडोर दुर्गन्धित

■ सौर्य समाचार

ढोरपाटन । दैनिक सयौं यात्रु ओहोरदोहोर गर्ने सडक । त्यही सडकको छेउमा देखिन्छ फोहरको डंगुर । दैनक बागलुङ बजारबाट ल्याइने फोहर कालीगण्डकी कोरिडोर छेउमा फाल्न थालिएको वर्षौं भयो । यहाँ राखिएको फोहरले मालढुंगाका स्थानीयदेखि कोरिडोरमा यात्रा गर्ने यात्रुलाई समेत समस्यामा परेको छ । राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी कोरिडोर छेउमै रहेको बागलुङ बजारको 'डम्पिङसाइड'ले आगन्तुकलाई समेत गिज्याइ रहेको छ । करिब डेढ दशकसम्म कालीगण्डकी नदीमा फोहर फाल्दै आएको बागलुङ नगरपालिकाले अदालतको आदेशपछि ठाउँ फेरेर यहाँ फाल्न थालेको थियो । फोहर व्यवस्थापन गर्ने ठाउँको सिधैमाथि प्रसिद्ध बागलुङ कालिका मन्दिर छ । यसको असर मन्दिरमा पनि पुगेको छ ।

वर्षौंदेखि अस्थायी रूपमा यहाँ फोहर फाल्दै आएको बागलुङ नगरपालिकाले व्यवस्थित डम्पिङसाइड व्यवस्थापन गर्न सकेको छैन । यस कारण यात्रु, स्थानीय र दर्शनार्थीलाई समस्या हुने गरेको छ । गाडी चालक पदम नेपालीले दैनिक यही सडक भएर यात्रु लिएर हिँड्दा फोहरको गन्धले यात्रुलाई समेत सास्ती भएको बताए । उनले भने, 'यो बाटो दैनिक दुई पटक हिँड्नुपर्छ, फोहरको यत्रो थुप्रो छ, अहिले जाडो भएर धेरै गन्ध आएको छैन, अलिअलि मास्कसले पनि छेक्दो रैछ, गर्मी सिजनमा त निकै गाह्रो हुन्छ, यात्रुले वाक्ने, रिंगटा लाग्यो भन्ने गर्छन्, फोहरको गन्धले होला हामीहरुलाई पनि टाउको दुग्ने, वाकवाकी होलाजस्तो हुन्छ ।'

कहिले बजेट अभाव, कहिले स्थानीयको सहमति नभएको बहाना तथा कहिले विस्तृत परियोजना प्रतिवेदन बनाउने भन्दै काम अगाडि नबढेको नगरपालिका बताउँछ । फोहरको दिगो व्यवस्थापनका लागि व्यवस्थित ल्यान्डफिल्ड साइट बनाउने योजना बनाएर पनि कार्यान्वयन नगर्दा यात्रुले दुर्गन्ध व्यहोर्नुपरेको जैमिनी नगरपालिका-८ का शिव सुनारले गुनासो गरे । उनले भने, 'राष्ट्रिय गौरवको आयोजनाकै छेउमा यस्तो हालत छ, फोहरको डंगुरले भरिएको छ, बाटोमा पैदल त हिँड्नै सकिन्न गन्हाएर, नाक मुख छोपेर पनि फोहरको गन्ध ह्वास्सै पस्छ, सम्बन्धित निकायले ध्यान नदिएर हो को, बजारवासीको लापर्बाही होकी, केही बुझ्नै सकिएन, बाहिरबाट आएको मान्छेले के भन्छन्, यो देख्दा ?'अहिले पनि बजेट अभावमा यसको काम अलपत्र भएको नगरपालिकाले जनाएको छ । वरिपरि पर्खाल लगाएर फालिएको फोहरले भरिएपछि स्थायी डम्पिङसाइटको माग बढेको छ । नगरपालिकाले वार्षिक ५० लाख रुपैयाँमा उक्त फोहरबाट नकुहिने वस्तुको निकासी ठेक्का लगाउने गरेको छ । स्थायी डम्पिङसाइड निर्माण नहुञ्जेलका लागि भन्दै फालिए पनि अर्को व्यवस्था अझै अन्योल भएको हो ।

फोहर व्यवस्थापनका लागि दश वर्षअघि नै दुई करोड रुपैयाँ लागतमा बनाउने भनिएको स्थायी डम्पिङसाइडको डिजाइन भई सहयोगका लागि स्थानीय विकास मन्त्रालयमा माग भएको थियो । तत्कालीन फोहर व्यवस्थापन तथा प्राविधिक सहयोग केन्द्रले रकम उपलब्ध गराउने भनिए पनि स्वीकृत नभएपछि थप काम अगाडि नबढेको हो ।

स्थानीय सरकार आए पनि योजना अगाडि बढाउन चासो नदिएको स्थानीयको गुनासो छ । 'हावाले सबै फोहर उठाएर घरभित्रै ल्याउँछ, यहाँका स्थानीयले नगरपालिकामा गएर भन्यौं, छिटै समस्या समाधान हुन्छ भनेको वर्षौं भयो, अहिले पनि अवस्था उस्तै छ,' स्थानीय मनबहादुर माझीले भने, 'बस्ती नजिकै लिएर फोहर फाल्छन्, यसले हामीहरुलाई निकै दुःख दिएको छ, फागुन चैतबाट बाहिर बस्नै हुन्न, सबै फोहर उडेर यही आउँछ ।'

# डुंगा चलाएर भक्तजनलाई मन्दिर पुऱ्याउँदै पुजारी

■ सौर्य समाचार

सुदुरपश्चिम । तालको बीच भागमा रहेको गंगामाता मन्दिरका पुजारी भोजलाल चौधरी डुंगा चलाएर भक्तजनलाई मन्दिरसम्म पुऱ्याउँदै गरेको भेटिन्छन् । कैलालीको बेहडाबाबा धाम परिसरको महादेवा तालको बीचमा रहेको यो मन्दिरमा पूजापाठ गर्ने र भक्तजनलाई डुंगामार्फत मन्दिरसम्म पुऱ्याउनु उनको दैनिकी छ । उनले भने, 'साँझ बिहान पूजापाठ गर्नुपर्छ, अन्य समयमा मन्दिरमा पूजा र दर्शनका लागि आउने भक्तनलाई डुंगामार्फत ओसार्न ठिक्क हुन्छ ।'

मन्दिरसम्म ओहोरदोहोर गर्ने भक्तजनबाट प्रतिव्यक्ति ४० रुपौया शुल्क तोकिएको छ । मन्दिरमा आउने भक्तजनको भेटी रकम, डुंगा चलाएबापत हुने आम्दानी नै पुजारीको कमाइ हो । भक्तजनको चहलपहलअनुसार आफ्नो मासिक आम्दानी पनि घटबढ हुने उनले बताए । बेहडाबाबाको दर्शनका लागि पुग्ने भक्तजन गंगामाताको मन्दिरको समेत दर्शन र पूजा गर्ने गर्छन् ।

बेहडाबाबा मन्दिर व्यवस्थापन समितिका पूर्व अध्यक्ष खेमबहादुर चन्दले भारतबाट आउने भक्तजन यसै तालको जल लिएर बेहडाबाबा धामको शिव शिलामा चढाएर पूजा गर्ने गरेको बताए । 'बेहडाबाबा खासगर सीमापारि भारतबाट आउने भक्तजनका कुल देवता हुन्,' उनले भने, 'उनीहरु हरेक वर्ष आफ्नो घरको नयाँ अन्न(धान, गहुँ) बेहडाबाबालाई चढाएर पूजा र दर्शन गरेर फर्किन्छन् ।'

धनगढीदेखि झण्डै १८ किलोमिटरको दूरीमा रहेको यो क्षेत्र धार्मिक पर्यटनको मुख्य गन्तव्य क्षेत्रका रुपमा देखिन थालेको छ । पछिल्ला वर्षमा नेपाल र भारतबाट आउने भक्तजन बढ्दै जाँदा यो धाम मुख्य गन्तव्य बन्न थालेको हो । झण्डै ३० बिघा क्षेत्रफलमा फैलिएको १५ फिट गहिरो यो प्राकृतिक ताल वरिपरि सडक निर्माण कार्य भइरहेको छ ।

बेहडाबाबा मन्दिर व्यवस्थापन समितिका अध्यक्ष पदमराज जोशीले तालको संरक्षणसहित बेहडाबाबा धामलाई प्रमुख धार्मिक गन्तव्य क्षेत्र बनाउनका लागि प्रयास भइरहेको बताए । आउने चैतबाट तालको सरसफाइ गरी भक्तजनका लागि नियमितरुपमा दुई डुंगा चालाउने तयारी छ ।

उनले भने, 'केन्द्र सरकारको सहयोगमा ताल वरिपरि एक हजार दुई सय मिटर सडक र ऱ्यालिङ लगाउनेकाम गर्न लागेका छौं, यसले थप पर्यटकको आवागमन बढ्ने अपेक्षामा छौं ।' बेहडाबावा धाममा हरेक वर्ष लाग्ने मेलामा नेपालीको तुलनामा सीमापारि भारताट आउने भक्तजनको घुइँचो लाग्ने गर्छ । यहाँ गंगा दशहरा, मकर संक्रान्तिलगायतका दिन ठूलो मेला लाग्छ । भारतीय नागरिकले बेहडाबाबा (भगवान् शिव)लाई आफनो कुल देवताको रुपमा पुज्ने गरेकोले लाग्ने मेलामा उनीहरुकै बढी घुइँचो देखिने गरेको हो ।

धाम परिसरमा भगवान् शिवको मन्दिर छ । मन्दिरभित्रको शिवलिंगलाई भक्तजनले स्वयम्भूको स्वरुपको रुपमा लिन्छन् । यो स्वयम्भू लिंगको उचाइ हरेक वर्ष बढ्दै जाने गरेको विश्वास गरिएको कारण यो क्षेत्रको धार्मिक महत्व पनि बढ्दै गएको हो । भगवान् बेहडाबाबाको दर्शन पूजाआजा गरेमा सोचेको मनोकांक्षा पूरा हुने जनविश्वास छ । प्राचीनकालमा तपोभूमिका रुपमा रहेको यो क्षेत्रमा नेपालीको बस्ती नरहेको र अहिर जातिका भारतीयको बसोबास रहेको छ ।


**कामना सेवा विकास बैंक लि.**
**Kamana Sewa Bikas Bank Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको विकास बैंक)



**केन्द्रीय कार्यालय:**
ज्ञानेश्वर-३०, काठमाडौं ।
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं.: १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
Web: www.kamanasewabank.com

## कर्जा चुक्ता भुक्तानी गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०७९/१०/१७**

तपसिलमा उल्लिखित तपाई ऋणीहरुले यस विकास बैंकको विभिन्न शाखाहरु कार्यालयबाट विभिन्न कर्जा शीर्षक अन्तर्गत लिनु भएको कर्जाको यस बैंकसँग गरेको शर्त सम्झौता बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना, तथा अन्य दै-दस्तुर आदि नतिरी नबुझाई लामो समय देखि बक्यौता राखी बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले बैंकले कर्जा चुक्ता भुक्तानीको लागि ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएकोले तपाईहरु तपसिलमा उल्लिखित ऋणी, धितो जमानीकर्ता एवं व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी आफुले लिए खाएको कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला । साथै धितो जमानी तथा व्यक्तिगत धनजमानी दिनेले समेत कर्जा चुक्ता भुक्तान गर्न लगाउनु हुन समेत यसै सूचनाद्वारा सूचित गरिन्छ । अन्यथा धितो सुरक्षण बापत तपाईले यस बैंकको नाममा लेखि/लेखाई दिएको सम्पत्ति (घर/जग्गा) जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन तथा सो को प्रतिस्थापनमा आउने निर्देशन, परिपत्रहरु, बैंकको कर्जा असुली नीति, तथा अन्य सम्बद्ध ऐन, कानूनले दिएको अधिकार प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी बैंकको लेना बांकी रकम असुलउपर गरिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ । कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम हुन नसकेमा वा लिलाम बिक्री हुंदा समेत यस बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा तपाईहरुले कर्जा लिंदाका बखत यस बैंकलाई गरिदिएको लिखत अनुसार तपाईहरुको घरघरानाको चलअचल सम्पत्तिबाट समेत असुलउपर गर्नको लागि आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ । साथै तपसिलमा उल्लिखित ऋणीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकको कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था तथा निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा नाम समावेश गर्नको लागि तीनपुस्ते विवरण सहित सिफारिश गरि पठाईने व्यहोरा समेत सम्बन्धित ऋणी, धितोजमानतकर्ता, व्यक्तिगत धनजमानीकर्ता तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | फोटो | धनजमानीकर्ताको विवरण | फोटो |
|---|---|---|---|---|
| १. | **रेशम बहादुर बुढा**<br>**ना.प्र.नं. : ५३४७**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रोल्पा ।<br>बाबु : दिलराम बुढा<br>बाजे : खर्के<br>ठेगाना : नुवागाउ -०६ हाल, त्रिवेणी -०२ , रोल्पा ।<br>**शाखा कार्यालय : होलेरी**<br>**कर्जा शीर्षक : सजिलो लघु कर्जा** (आवधिक) |  | **यामकुमारी घर्तीमगर**<br>**ना.प्र.नं. : ५४१०३८/२७८**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रोल्पा ।<br>पति : नरेन्द्र बुढा मगर<br>ससुरा : रेशम बहादुर बुढा<br>ठेगाना : करेटी -०४, हाल, त्रिवेणी -०२, रोल्पा ।<br>**भीमसेन बुढा**<br>**ना.प्र.नं. : ५४-०१-७३-०१०५६**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रोल्पा<br>बुबा : रेशम बहादुर बुढा<br>बाजे : दिलराम बुढा<br>ठेगाना : नुवागाउ -०६, हाल त्रिवेणी-०२, रोल्पा ।<br>**पर्मिला बुढा**<br>**ना.प्र.नं. : ५४३०४३/१५७**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रोल्पा<br>पति : रेशम बहादुर बुढा<br>ससुरा : दिलराम बुढा<br>ठेगाना : नुवागाउ -०६, हाल त्रिवेणी-०२, रोल्पा ।<br>**नरेन्द्र बुढामगर**<br>**ना.प्र.नं. : ५४१०४३/४६२**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रोल्पा<br>बुबा : रेशम बहादुर बुढा<br>बाजे : दिलाराम बुढा<br>ठेगाना : नुवागाउ -०६, हाल त्रिवेणी-०२, रोल्पा । | <br><br><br> |
| २. | **शैलेन्द्र रविन्द्र एकिकृत कृषि फर्म**<br>**प्रा.फ.र.नं. : १२१५५/०७७/०७८**<br>ठेगाना : विन्दवासिनी-०३ पर्सा ।<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय वीरगंज, पर्सा ।<br>स्थायी लेखा नं.: ३०४७५५८९३<br>**प्रोप्राईटर/धनजमानीकर्ता : सुदर्शन साह**<br>**ना.प्र.नं. : ३४००८७२१५४**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पर्सा<br>बुबा : शम्भु साह तेली<br>बाजे : रामअज्ञा साह<br>ठेगाना : अमरपट्टी -०७ हाल अमरपट्टी -०३ पर्सा । **शाखा : विरगंज**<br>**कर्जा शीर्षक : सजिलो व्यवसाय कर्जा आवधिक** |  | **ललिता देवी**<br>**ना.प्र.नं. : १००२/४०६**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पर्सा<br>पति : सुदर्शन साह<br>ससुरा : शम्भु साह तेला<br>ठेगाना : अमरपट्टी -०७ हाल अमरपट्टी -०३ पर्सा । |  |

नोट : यस बैंकबाट कर्जा लिई तोकिएको तालिका बमोजिम साँवा ब्याज नियमित रुपमा नबुझाई भाखा नघाई बस्नु भएका अन्य ग्राहकहरुलाई समेत नियमित रुपमा किस्ता बुझाउनको लागि यसै सूचनाद्वारा जानकारी गराईन्छ । अन्यथा ऋणी, धितो तथा व्यक्तिगत धनजमानतकर्ताको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रिकामा यसै बमोजिमको सूचना प्रकाशन गरिने व्यहोरा सूचित गरिन्छ ।



## ठोरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**घ्याँङ्गडाडा, पर्सा**
**मधेश प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मितिः- २०७९/१०/१७)

यस कार्यालयबाट मिति २०७९/०९/०८ मा नागरिक दैनिक पत्रिकामा प्रकाशित घ्याङ्गडाँडा-जिराभवानी सिमासम्म कालोपत्रे निर्माण (Construction Black Top from Gyangdanda-Jirabhawani) कन्ट्र्याक्ट आईडेन्टिफिकेशन नं. (TRM/NCB/CBTG/09/2079/080) र मिति २०७९/०९/१० मा सौर्य दैनिक पत्रिकामा प्रकाशित कन्स्ट्रक्सन अफ ग्याविअन वाल (Construction of Gabion Wall) कन्ट्र्याक्ट आईडेन्टिफिकेशन नं. (TRM/NCB/GWCW/10/2079/080) कार्यको बोलपत्र मिति २०७९/१०/१० गते कार्यको बोलपत्र मिति २०७९/१०/११ गते खोलिएको बोलपत्रमा उक्त कार्यको लागि पेश हुन आएका आवेदन उपर पुनःमूल्याङ्कन सम्बन्धमा मिति २०७९/१०/१४ गते यस कार्यालयको निर्णय बमोजिम देहाय अनुसारको बोलपत्रदाताको बोलपत्र "न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही" ठहर भई स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | लागत अनुमानित रकम रू. | सबैभन्दा न्युनतम कबोल गर्ने बोलपत्रदाताको नाम र ठेगाना | कुल कबोल रकम | कै. |
|---|---|---|---|---|---|---|
| १. | TRM/NCB/GWCW/10/2079/080 | कन्स्ट्रक्सन अफ ग्याविअन वाल (Construction of Gabion Wall) | १,२९,४०,७८९.२७ | सप्त लक्ष्मी बिल्डर्स हाँडी खोला | ८६,४७,४००.०० | |
| २. | TRM/NCB/CBTG/09/2079/080 | घ्याङ्गडाँडा-जिराभवानी सिमा सम्म कालोपत्रे निर्माण (Construction Black Top from Gyangdanda-Jirabhawani) | ४९,९५,००७.४० | नवीन कन्स्ट्रक्सन ठोरी-४, पर्सा | ४१,८२,१५५.५० | |

**प्रमुख प्रशासकीय अधिकृत**



नेपाल उद्योग वाणिज्य महासंघको प्रतिनिधिमण्डलले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी समक्ष भेटगरी उद्योग व्यवसाय प्रवर्द्धनका बिषयमा छलफल गरेको छ। महासंघका अध्यक्ष शेखर गोल्छाको नेतृत्वमा गएको पदाधिकारी सम्मिलित प्रतिनिधिमण्डलले सोमबार भेट गरेको हो



अर्थ मन्त्रालयले तीन महिनाभित्र लेखा परीक्षण सम्पन्न गर्न राष्ट्रिय बिमा संस्थान र राष्ट्रिय बिमा कम्पनीलाई निर्देशन दिएको छ। अर्थ मन्त्रालयमा बसेको बैठकमा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले लेखा परीक्षण हुन नसक्नु चिन्ताको विषय भएको भन्दै उक्त निर्देशन दिएका हुन्



## वित्तीय प्रणालीमा अधिक तरलता

# ट्रेजरी बिल्समा लगानी गर्न बैंक अनिच्छुक

■ सौर्य समाचार



काठमाडौं । सरकारले ऋण उठाउनको लागि जारी गर्ने ट्रेजरी बिल्समा बैंक तथा वित्तीय संस्थाले अनिच्छा देखाउन थालेका छन । सोही कारण पछिल्लो समय वित्तीय प्रणालीमा अधिक तरलता देखिएको हो ।

बैंकहरूले ट्रेजरी बिल्समा लगानी गर्दा धेरै समय कुर्नुपर्ने र त्यसलाइ धितो राखेर दैनिक तरलता व्यवस्थापन गर्न नपाउने भएपछि सरकारी ऋणपत्रमा बैंक तथा वित्तीय संस्था अनिच्छुक भएका हुन् । यस्तो अवस्थामा बैंकिङ च्यानलमा निक्षेप थपिए पनि कर्जाको माग भने बढ्न सकेको देखिदैन ।

कर्जाको माग न्यून हुनु तथा ट्रेजरीमा लगानी हुन नसकेपछि अन्तर बैंक दरसमेत डेढ बर्ष यताकै न्यून विन्दुमा झरेको छ । गत शुक्रबार बैंक वित्तीय संस्थाको औसत अन्तर बैंक दर ४.२३ प्रतिशत पुगेको थियो । यो दर २०७८ भदौ ८ यताकै कम हो ।

राष्ट्र बैंकले स्थायी तरलता सुविधा (एसएलएफ) र ओभर नाइट रिपोमा कडाइ गरेपछि बैंक तथा वित्तीय संस्थाको ध्यान दैनिक तरलता व्यवस्थापनमा रहेको छ । सोही कारण ट्रेजरी बिल्समा बैकहरू अनिच्छुक भएको हुन सक्ने पुर्व बैंकर परशुराम क्षेत्रीले बताएका छन् ।

बैंकहरूले लगानी गर्ने मूख्य क्षेत्रको रुपमा कर्जा रहने गरेको छ । कर्जा प्रवाह पछि सरकारी ऋणपत्र र अन्तर बैंक ल्याण्डिङ रहेको छ । केन्द्रीय बैंकले चालु आर्थिक बर्षको मौद्रीक नीतिमा एसएलएफ सीमा तोकी अघिल्लो साताको स्वेदशी निक्षेपको एक प्रतिशत मात्र लिन पाइने वयवस्था गर्‍यो । ओभरनाइट रिपोमा पनि अघिल्लो दिनको स्वदेशी निक्षेपको शुन्य दशमलव २५ प्रतिशत साताको एकदिन मात्र लिन पाउने व्यवस्था रहेको छ । यो व्यवस्थाले बैंक वित्तीय संस्थालाई दैनिक तरलता व्यवस्थामा केन्द्रीत हुनु परेको देखिएको छ ।

पछिल्लो समयमा बैंक/वित्तीय संस्थाले ट्रेजरीमा लगानी नगर्ने, कर्जाको माग नहुने र निक्षेप थपिएपछि कर्जा निक्षेप ८६ दशमलव ५१ प्रतिशतमा झरेको छ । त्यसका साथै अन्तर बैंक ब्याजदर १३ दिनमानै करिब आधाले घटेको छ भने २७ दिने ट्रेजरी बिल्सको रेट ७ प्रतिशतको अनुपातमा रहेको छ । अल्पकालिन ब्याजदरमा आएको गिरावट र सहज तरलता अवस्थाले बैंकहरूले माघ महिनाका लागि ब्याजदर घटाएका छन । यहि अवस्था रहेको खण्डमा फागुन महिनामा पनि ब्याजदर घट्न सक्ने आकलन गरिएको छ ।

२०७८ भदौ यता निरन्तर बढेको अन्तर बैंक दर ८ दशमलव ५३ प्रतिशतसम्म पुगेको थियो । त्यसपछि २०७९ पुस १ मा घटेर ६ दशमलव ६२ प्रतिशतसम्म झरेको थियो । पुनः बढ्न थालेको अन्तर बैंक दर ८ प्रतिशत भन्दा माथि पुग्यो भने त्यसपछि पुन ७ प्रतिशतमा झरेको अन्तर बैंक दर ८ दशमलव ४८ प्रतिशतसम्म पुगेको थियो । माघ महिना लागेपछि अन्तर बैंक दरमा निकै उतारचढाव देखिएको छ ।

बैंक वित्तीय संस्थामा एकिकृत भएको पैसा कर्जाको माग आउन थालेको खण्डमा पुनः घट्ने निश्चित छ । ब्याजदर घट्ने वित्तीयकै कर्जाको माग बढ्ने निश्चित छ । कर्जाको माग बढ्ने अन्तर बैंक दरमा समेत दबाब पर्ने देखिन्छ ।

# नेप्सेमा उच्च अंकको गिरावट

■ सौर्य समाचार




काठमाडौं । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमबार उच्च अंकले घटेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ४१ दशमलव शून्य एक अंकले ओरालो लागेर २ हजार एक सय २७ दशमलव ५२ मा सीमित भएको हो । ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक सात दशमलव ३३ अङ्कले ओरालो लागेर चार सय दुई दशमलव ९८ मा सीमित भएको छ । कारोबार भएका कूल १३ उपसमूहको नै शेयर मूल्यमा गिरावट आएको छ । कारोबार भएका कूल कम्पनीमध्ये नौ कम्पनीको मात्रै शेयर मूल्यमा वृद्धि भएको छ ।

त्यस्तै दुई सय चार कम्पनीको शेयर मूल्यमा गिरावट आएको नेप्सेले जनाएको छ । कूल ८८ लाख ३६ हजार चार सय ८८ कित्ता शेयर तीन अर्ब ३० करोड २२ लाख एक हजार आठ सय २५ मूल्यमा खरिद बिक्री भएको छ ।

नेप्सेका अनुसार सूर्योज्योति लाइफ इन्स्योरेन्स कम्पनी कारोबारका आधारमा शीर्ष स्थानमा छ । कम्पनीको १७ करोड ६५ लाख ४० हजार बराबरको शेयर कारोबार भयो । रिडी पावर कम्पनी १० करोड ४८ लाख ९२ हजार आठ सय सात, पिपुल्स पावर कम्पनी नौ करोड ५६ लाख २९ हजार छ सय ९७, माथिल्लो तामाकोसी नौ करोड ३५ लाख ९२ हजार आठ सय ८८ र अपि पावर कम्पनीको सात करोड ७७ लाख ९३ हजार नौ सय ७२ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार लुम्बिनी जनरल इन्स्योरेन्स र आदर्श लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतको वृद्धि भई सकारात्मक सर्किट लागेको छ । बाराही हाइड्रोपावर ६ दशमलव ५६, सूर्योज्योति लाइफ इन्स्योरेन्स५दशमलव१४रपिपुल्स हाइड्रोपावरका लगानीकर्ताले ५ दशमलव शून्य तीन प्रतिशतले आर्जन गरेका छन् ।

त्यस्तै युनाइटेड इदी मर्दी आरबी हाइड्रोपावर ७ दशमलव १४, श्वेतगंगा हाइड्रोपावर ६ दशमलव ७१, सगरमाथा इन्स्योरेन्स ६ दशमलव ४४, सयपत्री हाइड्रोपावर पाँच दशमलव ८० र नारायणी डेभलपमेन्ट बैंकको शेयर मूल्य पाँच दशमलव ७४ प्रतिशतले घटेको छ । आजको कारोबारपछि बजार पुँजीकरण ३० खर्ब ६९ अर्ब ९१ करोड ६६ लाख १७ हजार तीन सय ३६ कायम भएको छ ।

## ३ बीमा कम्पनीको कारोवार फुकुवा

मर्जर प्रक्रियामा रहेका थप तीन बीमा कम्पनीको सेयर कारोबार फुकुवा भएको छ । कारोबार फुकुवाका लागि आवेदन दिएसँगै नेपाल स्टक एक्स्चेन्ज (नेप्से)ले सोमबार युनियन लाइफ, प्राइम लाइफ र गुराँस लाइफ इन्स्योरेन्सको साधरण सेयर कारोबार फुकुवा गरेको हो । नेप्सेले 'धितोपत्र दर्ता गराएका संगठित संस्था एकआपसमा गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका, २०७९'मा भएको व्यवस्था बमोजिम ३ कम्पनीको सेयर कारोबार फुकुवा गरेको हो । यस निर्देशिका अनुसार मर्जर तथा प्राप्तिमा जाने कम्पनीहरुको सेयर कारोबार बढीमा १५ दिन मात्र रोक्का हुने व्यवस्था छ । कारोबार फुकुवा भएसँगै मंगलबारदेखि तीनै कम्पनीको साधरण सेयर कारोबारमा आउने छ । संस्थापक सेयर कारोबार भने मर्जर प्रक्रिया सम्पन्न भई एकीकृत कारोबार सुरु नहुन्जेलसम्म रोक्का नै रहने छ । हाल यी तीन कम्पनी एक आपसमा मर्जर प्रक्रियामा रहेका छन् ।

# युटिएललाई बक्यौता भुक्तानी गर्न निर्देशन




■ सौर्य समाचार

काठमाडौं । नेपाल दूरसञ्चार प्राधिकरणले युनाइटेड टेलिकम (युटीएल)लाई वक्यौता वापतको रकम भुक्तानी गर्न निर्देशन दिएको छ । प्राधिकरणले सोमबार सूचना जारी गर्दै आगामी माघ मसान्तसम्म बाँकी बक्यौता रकम भुक्तानी गर्न युटीएललाई निर्देशन दिएको हो ।

युटीएलले प्राधिकरणलाई ५ अर्ब ३० करोड ९४ लाख ४९ हजार १ सय ५३ रुपैया भुक्तानी गर्न बाँकी रहेको छ । कम्पनीलाई बि.सं २०७३ भदौ २० मा आधार भूत टेलिफोन सेवाको अनुमतिपत्र प्रदान गरिएको थियो । त्यसपछि प्राधिकरणलाई तिर्नुपर्ने अनुमतिपत्र नवीकरण दस्तुरवापतको किस्ता रकम, फ्रिक्वेन्सी, रोयल्टी र ग्रामीण दूरसञ्चार विकास कोषलगायत दस्तुर रकम भुक्तानी गरेको छैन ।

लामो समयसम्म तोकिएको रकम भुक्तानी नगरेपछि प्राधिकरणले माघ मसान्तसम्मको समय तोकेर भुक्तानी गर्न निर्देशन गरेको हो । माघ मसान्तभित्र वक्यौता रकम नतिरेमा प्रचलित कानुनबमोजिम कारबाही अघि बढाउने प्राधिकरणले चेतावनी दिएको छ ।

त्यसैगरी प्राधिकरणले केसीएन नेट प्रालिको लाइसेन्स खारेज गरेको छ । प्राधिकरणले सार्वजनिक गरेको सूचनामा केसीएन नेट प्रालि काठमाडौं महानगरपालिका-६ बौद्धलाई दिएको लाइसेन्स खारेज गरेको हो ।

प्राधिकरणबाट इन्टरनेट (ई-मेलसहित) सेवाको अनुमतिपत्र प्राप्त संस्था केसीएन नेटले नवीकरणका लागि नियमानुसार निवेदन पेश नगरेकाले स्वतः खारेज भएको प्राधिकरणले जनाएको हो । उक्त अनुमतिपत्र दूरसञ्चार ऐन, २०५३ को दफा २५ (५) बमोजिम स्वतः खारेज भएको प्राधिकरणले जनाएको छ ।

साथै इन्टरनेट (ई-मेलसहित) सेवा सञ्चालन गरे वापत नियमानुसार तिर्न र बुझाउन कुनै दस्तुर देखिएमा उक्त रकम तिर्नु समेत प्राधिकरणले निर्देशन दिएको छ ।

# कर्पोरेट

## कुमारी बैंकको विशेष छुट योजना



काठमाडौं । कुमारी बैंक लिमिटेडले सीजी डिजिटल एण्ड एलजी शपे बाट सामान खरिद गर्दा कुमारी बैंकको ग्राहकले विशेष छुट प्राप्त गर्ने योजना ल्याएको छ । अब कुमारी बैंकका डेबिट-क्रेडिट कार्ड वा मोबाइल बैंकिग प्रयोगकर्ताले आधिकारिक सीजी डिजिटल र एलजी शप मार्फत उत्पादन खरिद गर्दा २० प्रतिशत सम्म आकर्षक छुट प्राप्त गर्न सक्नेछन् । यो योजनाको फाईदा कुमारी बैंकका ग्राहकले आगमी १५ फागुन सम्म पाउने छन ।

डिजिटल कारोबारमा आफ्ना ग्राहकलाई प्रोत्साहन गर्नका निमित्त कुमारीले यस सहकार्य मार्फत सीजी डिजिटल एण्ड एलजी शपेमा आफ्नो डेबिट-क्रेडिट कार्ड वा मोबाइल बैंकिङ्ग मार्फत भुक्तानी गर्न मिल्ने प्रावधान गरेको हो ।

आगामी दिनहरुमा पनि बैंकले आफ्ना ग्राहकलाई गुणस्तरीय सेवामा सहुलियत दिन तथा डिजिटल कारोबारमा उत्प्रेरित गर्न आकर्षक योजनाहरु ल्याइरहने छ। बैंकले आफ्ना देशव्यापी ३ सय ४ शाखा सञ्जाल, ३ सय ४५ एटिएम, ६२ शाखारहित बैंकिङ इकाई तथा ४८ एक्सटेन्सन काउन्टरबाट अत्याधुनिक बैंकिङ सुविधा दिँदै आएको र आगामी दिनमा अझ सुरक्षित, सरल, सुलभ तथा उत्कृष्ट सेवा प्रदान गर्न डिजिटल पूर्वाधार प्रविधि र क्षमतालाई सुदृढ पार्दै लगिने प्रतिबद्धता जनाएको विज्ञप्तिमा उल्लेख छ ।

## सिटिजन लाइफको पाँचौं साधारण सभा सम्पन्न



काठमाडौं । सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीकोपाँचौंवार्षिक साधारण सभा सम्पन्न भएको छ । सभाले अध्यक्षको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गरेको छ ।

साथै लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७७/७८ को वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, इक्यूटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूची सहितको वित्तीय विवरण छलफल गरी पारित गरेको छ ।

सभाले कम्पनी ऐन, २०६३ को दफा १ सय १३ बमोजिम कम्पनी रजिष्टारको कार्यालयबाट आर्थिक वर्ष २०७८/०७९ को लागि कम्पनीको लेखापरीक्षकमा जोशी एण्ड भण्डारी, वर्तमान चार्टर्ड एकाउन्टेन्टसलाई गरिएको नियुक्ति अनुमोदन गरेको छ ।

सभाले प्रिमियम मूल्यमा सर्वसाधारण शेयर सार्वजनिक निष्काशन गर्ने पारित गरेको छ । कम्पनीको सञ्चालकमा नियुक्त भएका दाबा फूटी शेर्पा र अभिनव ज. ब. राणाको नियुक्ति अनुमोदन गरेको छ । साथै स्वतन्त्र सञ्चालकमा श्रीमान कार्कीको नियुक्ति अनुमोदन गरेको पनि विज्ञप्तिमा उल्लेख छ ।

## लाइफ इन्स्योरेन्सको सेयर रजिष्टारमा नेपाल एसबिआई मर्चेण्ट



काठमाडौं) । लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको १ बरावर शुन्य दशमलव ८८ को अनुपातमा जारी गर्न लागेको साविकका शेयरधनीलाई प्रति शेयर १ सय रुपैयाँ दरको २ करोड ३४ लाख ६८ हजार हजार कित्ता शेयरको २ अर्ब ३४ करोड ६८ लाख रुपैया मात्रको हकप्रद शेयर निष्काशन तथा विक्रीका लागि नेपाल एसबिआई मर्चेण्ट बैकिग लिमिटेड निष्काशन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको छ ।

लाइफ इन्स्योरेन्सको कार्यालयमा आयोजित एक समारोहबिच नेपाल एसबिआई मर्चेण्ट बैंकिग लिमिटेडका तर्फबाट प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत देव राज अधिकारी र इन्स्योरेन्सको तर्फबाट प्रमुख कार्यकारी अधिकृत लक्ष्मी प्रसाद दासले धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन । उक्त मर्चेण्ट बैंकिङ एसबिआई बैक लिमिटेडको पूर्ण स्वामित्व भएको सहायक कम्पनी हो ।

## शिखर इन्स्योरेन्सको सेयर मूल्य समायोजन

काठमाडौं । शिखर इन्स्योरेन्स कम्पनी र नेरुडे लघुवित्त वित्तीय संस्थाको सोमबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा सेयर मूल्य समायोजन भएको छ । दुबै कम्पनीले मंगलबार साधारण सभा प्रयोजनको लागि बुकक्लोज मिति तोकेका छन् । बुकक्लोजसँगै नेप्सेले सोमबार कारोबार भएको अन्तिम मूल्यलाई आधार मानेर बोनस समायोजन गरेको हो ।

शिखर इन्स्योरेन्सको १६ प्रतिशत बोनसपछि ८०८ रुपैयाँ ६२ पैसा तथा नेरुडे लघुवित्त वित्तीय संस्थाले २२ प्रतिशत बोनसपछि ८२७ रुपैयाँ ८७ पैसा समायोजित सेयर मूल्य तोकेको छ । सोमबार शिखरको सेयर अन्तिम पटक प्रतिकित्ता ९३८ रुपैयाँ तथा नेरुडेको १ हजार १० रुपैयाँमा अन्तिम कारोबार भएको थियो । सोमबार निर्धारण भएको समायोजित सेयर मूल्यलाई आधार मानेर दुबै कम्पनीको मंगलबार धितोपत्रको दोस्रो बजारमा कारोबार खुल्नेछ ।

## हिमालयन बैंकलाई सिभिल प्राप्ति गर्ने स्वीकृति

काठमाडौं । सिभिल बैंकलाई (एक्विजिसन) प्राप्ति गर्न हिमालयन बैंकले नेपाल राष्ट्र बैंकबाट अन्तिम स्वीकृति पाएको छ । केन्द्रीय बैंकले हिमालयनले सिभिललाई १००:८०.२८ अनुपातमा प्राप्ति गर्नका लागि अन्तिम स्वीकृति प्रदान गरेको हो । दुवै बैंक एक भएपछि हिमालयन बैंकको नामबाट एकीकृत कारोबार सुरु हुनेछ ।

यता, दुवै बैंकको पुस २८ मा सम्पन्न साधारण सभाले पनि हिमालयनले सिभिललाई प्राप्ति हुने प्रस्ताव पारित गरिसकेको छ । अब कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति पाएपछि एकीकृत कारोबार सुरु हुनेछ ।

## रेमिट टु र प्रभु म्यानेजमेन्टबीच सम्झौता

काठमाडौं । रेमिट टु नेपाल र प्रभु म्यानेजमेन्ट रेमिट्यान्सबीच भुक्तानी सम्बन्धी सम्झौता भएको छ । यस सम्झौतासँगै रेमिट टु नेपाल मार्फत विश्वका विभिन्न देश पठाएको रेमिट्यान्स, रेमिट टु नेपालका भुक्तानी केन्द्रसँगै अब प्रभु म्यानेजमेन्टसँग आवद्ध ७ हजार सहकारी संस्थाहरुबाट समेत भुक्तानी प्राप्त गर्न गर्न सकिनेछ ।

यसका साथै, प्रभु म्यानेजमेन्ट मार्फत पठाएको रेमिट्यान्स रेमिट टु नेपालका भुक्तानी केन्द्रबाट पनि भुक्तानी प्राप्त गर्न सकिनेछ । रेमिट टु नेपालले कतार, दुबई, मलेसिया, इराक लगायत विश्वका विभिन्न मुलुकहरुबाट नेपालमा रेमिट्यान्स भित्रयाउदै आएका छन ।

## हुलास लखपति योजना

काठमाडौं । हुलास कम्पनीले हुलास १०० लखपति योजना सार्वजनिक गरेको छ । माघ १५ मा सुरु भएको यस योजना चैत १५ सम्म संचालन हुने कम्पनीले जानकारी दिएको छ । कम्पनीको अनुसार न्यूनतम ३ बण्डल हुलास रंगिन जस्तापाता खरिदमा ग्राहक यस योजनाको 'लक्की ड्र'मा सहभागी हुन सक्नेछन् ।यसको लागि ग्राहकले लक्की-ड्र मा सहभागी हुन उपलब्ध गराइएको कुपन र भ्याट बिलको फोटो खिचेर एक-एक प्रति हुलासको वाट्सएप वा भाइबरमा पठाउनु पर्ने व्यवस्था गरिएको छ । कम्पनीको अनुसार एउटा भ्याट बिल र कुपन एक पटक मात्रै लक्की-ड्रमा सहभागी हुन पाउने छन् ।

ग्राहकले ३ बण्डलभन्दा बढी जस्तापाता खरिद गरेमा कम्पनीले हरेक ३ बण्डलमा थप १ कुपन लक्की ड्र मा सामेल गरीदिने जनाएको छ । योजना अवधीभर हरेक दिन हुलास स्टिलको आधिकारिक फेसबुक पेजबाट लक्की ड्र मार्फत २ जनालाई प्रति व्यक्ति १ लाख नगद उपहार घोषणा गरिने कम्पनीले जानकारी दिएको छ ।

www.souryaonline.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ म.क्षे.हु.नि.द.नं. १६/०७३/७४



राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले शहीद दिवसका अवसरमा सोमबार कार्यक्रम आयोजना गरेको छ। त्रिपुरेश्वरस्थित राखेप हातामा रहेको शहीद दशरथ चन्दको शालिक रहेको स्थानमा कार्यक्रम भएको थियो

# सौर्य खेलकुद

थाइल्यान्डमा सम्पन्न एएसबिसी यु-२२ पुरुष तथा महिला बक्सिङ च्याम्पियनसिपमा कास्य पदक जितेकी झापाकी त्रिशा जवेगूलाई गृह नगरमा सम्मान गरिएको छ। उनलाई झापा जिल्ला खेलकुद विकास समितिको अगुवाईमा सम्मान गरिएको हो



**महिला यू-१९ टी-२० विश्वकप :**

## भारत पहिलो संस्करणको च्याम्पियन



**एजेन्सी**

नयाँ दिल्लीं। पहिलो पटक आयोजित आईसीसी महिला यू-१९ टी-२० विश्वकप क्रिकेटको उपाधि भारतले जितेको छ। आइतबार सम्पन्न प्रतियोगिताको फाइनलमा इंग्ल्यान्डलाई सात विकेटले हराउँदै भारत यू-१९ महिला विश्वकपको पहिलो संस्करणको च्याम्पियन बनेको हो।

दक्षिण अफ्रिकाको पोचेस्ट्रुमस्थित सेनवेस पार्कमा भएको फाइनल खेलमा इंग्ल्यान्डले प्रस्तुत गरेको ६९ रनको सामान्य लक्ष्य भारतले ३६ बल बाँकी रहँदै तीन विकेट गुमाएर भेट्टायो।

भारतको जितमा सौम्या तिवारीले अविजित २४ रन जोडिन्। गोंगडी त्रिसाले पनि २४ रननै थप्दा ओपनर तथा कप्तान सिफाली वर्माले १५ रन बनाइन्।

इंग्ल्यान्डकी हन्नाह बकेर, ग्रीस शृभेन्स र एलेक्सा स्टोनहाउसले समान एक विकेट लिए।

यसअघि टस हारेपछि ब्याटिङमा निम्त्याइएको इंग्ल्यान्डले १७.१ ओभरमा सबै विकेट गुमाउनुअघि ६८ रनको योगफल खडा गरेको थियो।

इंग्ल्यान्डकी र्याना म्याकडोनाल्ड गेले १९ रन बनाइन्। एलेक्सा स्टोनहाउस र सोफिया स्मेलले समान ११ र नियम्ह हल्यान्डले १० रन बनाउँनुबाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन्।

इंग्ल्यान्डलाई सस्तैमा समेट्न भारतकी टिटास साधु, अर्चना देवी र पार्सवी चोपडाले दुई-दुई विकेट लिए। मन्नत कस्यप, सफाली वर्मा र सोनम यादवले समान एक विकेट लिए।

भारतकी टिटास साधु फाइनल खेलको 'प्लेयर अफ दी म्याच' चुनिइन्। महिला यू-१९ विश्वकपको पहिलो संस्करणमा कुल १६ टिमको सहभागिता थियो। महिला यू-१९ विश्वकपको आगामी संस्करण सन् २०२५ मा थाइल्यान्ड र मलेसियाले संयुक्त रूपमा आयोजना गर्ने प्रस्ताव छ।

## 'टाइगर कप'मा चम्केका रवि केसी




**सौर्य समाचार**

पोखरा। भलिबलमा उदाउँदा खेलाडी रवि केसीले टाइगर कपको उपाधि घरेलु टिम गण्डकीलाई दिलाउन योगदान गरे र आफू प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित भए।

केसी उनै खेलाडी हुन् जसले गत पुसमा बङ्गलादेशमा भएको 'बङ्गबन्धु एसियन यु-२३ सेन्ट्रल एसियन जोन अन्तर्राष्ट्रिय पुरुष भलिबल प्रतियोगिता'मा राष्ट्रिय टिमबाट खेलेका थिए।

पोखरामा आयोजित तेस्रो संस्करणको टाइगर कपमा सर्वोत्कृष्ट खेलाडीका रूपमा केसीले रु २५ हजार र ट्रफी हात पारे। राष्ट्रियस्तरको प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडी घोषित हुनुलाई उनले खेल जीवनको उपलब्धिका रूपमा लिएका छन्।

'खुसी छु, मेहनतको फल पाएँ, यसले भलिबलमा अझ राम्रो गर्न प्रेरित गरेको छ', २२ वर्षीय रविले भने, 'दर्शकबाट पाएको माया र हौसलाले पनि उत्साहित छु।'

गण्डकीका टिम प्रशिक्षक रमेश केसीले प्रतियोगिताभर रविले उत्कृष्ट खेल प्रदर्शन गरेको बताए। उमेरले जुनियर खेलाडी भए पनि उचाइ र जम्पले केसीलाई साथ दिएको उनको भनाइ छ। 'विपक्षी खेलाडीभन्दा धेरै माथिबाट रविले स्पाइक गर्न सक्छन्, उनको एडभान्टेज भनेको हाइट र जम्प गर्न सक्ने क्षमता हो।'

'भलिबल टिम वर्क हो, खेल जिताउन सबै खेलाडीको उत्तिकै भूमिका हुन्छ र पनि यसपालि नतिजा निकाल्न रविले उत्कृष्ट योगदान गरे', प्रशिक्षक केसीले सुनाए। प्रतियोगिताको अनुभव कम भए पनि रवि प्रतिभावान् खेलाडीका रूपमा नेपाली भलिबलमा उदाएको उनको भनाइ छ।

बागलुङको गलकोट नगरपालिका-७ मल्ममा जन्मेका रवि छोटो अवधिमै भलिबलमा चम्किएका खेलाडी हुन्। दुई वर्षअघि काठमाडौंमा भएको 'एनभिए कप'बाट उनले राष्ट्रियस्तरको प्रतियोगितामा डेब्यु गरेका थिए।

गलकोट स्पोर्टस् क्लबबाट रविले उक्त प्रतियोगितामा उत्कृष्ट खेल्दै धेरैको मन जितेका थिए। ओपन स्पाइकर रविले पछिल्लो नवौं राष्ट्रिय खेलकुदमा पनि गण्डकी प्रदेशबाट खेलेका थिए। चौध-पन्ध्र वर्षको उमेरदेखि भलिबल खेल्न सुरु गरेका केसीले अहिलेसम्म कुनै औपचारिक प्रशिक्षण भने लिएका छैनन्।

प्रतियोगिताका अघि हुने अभ्यासबाहेक नियमित प्रशिक्षण लिने अवसर नपाएको रविले बताए। उनी अहिलेसम्म कुनै क्लबमा पनि आबद्ध छैनन्। व्यावसायिक सुरक्षा र अवसरको सुनिश्चितता भए भलिबलमै समर्पित भएर लाग्ने रवि बताउँछन्।

खेल कौशलसँगसँगै अनुशासनमा पनि उनी अब्बल मानिन्छन्। उक्त प्रतियोगितामा महिलातर्फको खेलमा भने सशस्त्र प्रहरी बलको एपिएफ क्लबकी सरस्वती चौधरीले सर्वोत्कृष्ट खेलाडीको उपाधि जितेकी थिइन्। उनले पनि नगद २५ हजार र ट्रफी हात पारिन्।

टाइगर ग्रुप अफ पोखराद्वारा आयोजित प्रतियोगिताको पुरुषतर्फ शनिबार भएको फाइनल खेलमा ३-२ सेटले साबिक विजेता एपिएफलाई हराउँदै गण्डकी च्याम्पियन बनेको थियो। उपाधिसँगै गण्डकीले रु पाँच लाख हात पारेको छ।

गण्डकी पहिलो संस्करणको टाइगर कपमा पनि च्याम्पियन बन्न सफल भएको थियो। सात दिनसम्म चलेको प्रतियोगितामा महिलातर्फको उपाधि भने एपिएफले हात पार्‍यो। त्रिभुवन आर्मी क्लबलाई ३-१ को सेटमा पराजित गर्दै एपिएफ लगातार दोस्रोपटक च्याम्पियन बनेको हो।

प्रतियोगितामा महिलातर्फ चार र पुरुषतर्फ पाँच टोलीको सहभागिता रहेको थियो। महिलातर्फ गण्डकी प्रदेश, त्रिभुवन आर्मी क्लब, एपिएफ क्लब र न्यू डायमण्ड स्पोर्टस् क्लबले सहभागिता जनाएको थियो।

पुरुषतर्फ श्रीलङ्काको एसटी जोशेफ वाज स्पोर्टस क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, एपिएफ क्लब र गण्डकी प्रदेश सहभागी थियो। महिला र पुरुष दुवैतर्फ उपाधि विजेताले पाँच-पाँच लाख, उपविजेतालाई समान रु दुई लाख ५० हजार नगद पुरस्कार प्रदान गरिएको आयोजकले जनाएको छ।

यस्तै प्रतियोगितामा तेस्रो हुने टिमलाई नगद एक लाख २५ हजार र सान्त्वना हुने टिमलाई रु ६५ हजारसहित ट्रफी प्रदान गरिएको थियो। विधागतरूपमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई रु १० हजार र ट्रफीसहित सम्मान गरिएको थियो।

**महिला राष्ट्रिय फुटबल**

## भारत भ्रमणका लागि प्रारम्भिक टोली घोषणा

फागुन १ गतेदेखि १३ गतेसम्म नेपाल र भारतीय राष्ट्रिय टोलीबीच मैत्रीपूर्ण खेल हुनेछ

**सौर्य समाचार**

काठमाडौं। भारतमा अर्को महिना हुने मैत्रीपूर्ण खेलका लागि महिला राष्ट्रिय फुटबल टोलीका प्रशिक्षक अनन्तराज थापाले ४३ सदस्यीय प्रारम्भिक टोली घोषणा गरेका छन्।अखिल नेपाल फुटबल संघ (एन्फा) ले भारतविरुद्ध हुने मैत्रीपूर्ण खेलका लागि थापालाई आइतबार मुख्य प्रशिक्षकमा नियुक्त गरेको हो। एन्फाका महासचिव किरण राईले थापालाई सातदोबाटोस्थित एन्फा मुख्यालयमा नियुक्ति पत्र हस्तान्तरण गरेका थिए।

पूर्व राष्ट्रिय खेलाडी समेत रहेका थापा ए डिभिजन टोली नेपाल पुलिस क्लबका प्रशिक्षक हुन्। उनलाई एन्फाले पहिलो पटक महिला टोलीको मुख्य प्रशिक्षकको जिम्मेवारी दिएको हो। थापाले यसअघि नेपालमै सम्पन्न महिला साफ च्याम्पियनसिपमा भने प्राविधिक अध्ययन समितिमा रहेर काम गरेका थिए।



त्यस्तै पूर्व राष्ट्रिय खेलाडी गंगा गुरुङ महिला टोलीको सहायक प्रशिक्षक तथा सुरजकुमार लामा गोलकिपर प्रशिक्षक नियुक्त भएका छन्। एन्फाले मैत्रीपूर्ण श्रृखंलाका लागि बिन्द्रा देवानलाई व्यवस्थापक नियक्त गरेको छ। फागुन १ देखि १३ गते सम्म नेपाल र भारतीय राष्ट्रिय टोलीबीच मैत्रीपूर्ण खेल हुनेछ।

**प्रारम्भिक टोली :**

### प्रारम्भिक प्रशिक्षणमा डाकिएका खेलाडी

अमिषा कार्की, अमृता जैसी, अनिता बस्नेत, अनिता केसी, अन्जली वाइबा, अन्जना रानामगर, एन्जिला तुम्बापो सुब्बा, अनुष्का शेर्पा, विमला बिक, विमला चौधरी, चन्द्रा भन्डारी, दीपा न्यौपाने, दीपा शाही, गंगा गुरुङ, घिमकुमारी गुरुङ, गीता राना, हिमा चौधरी, हिराकुमारी भुजेल, कविता बिक, कविता धिमाल, कुशुम राई, कुशुम खतिवडा, मनिका कुश्वार, मन्जली कुमारी योञ्जन, मेनुका आलेमगर, निर्मला बिक, निशा थोकर, प्रीति राई, रश्मी कुमारी घिसिङ, रेखा पौडेल, रेनुका नगरकोटी, सविता रानामगर, सावित्रा भन्डारी, समीक्षा घिमिरे, सञ्जु कुमाल, सपना राई, सरस्वती हमाल, सरस्वती एयर, सुरु लिम्बू, शृंजनासिंह ठकुरी, सुनिता चौधरी र उषा नाथ।

**विश्व**

## गोली लागेर घाइते ओडिशाका स्वास्थ्य मन्त्रीको निधन

**एजेन्सी**

ओडिसा। ओडिशाका स्वास्थ्य मन्त्री नब किशोर दासको आइतबार गोली लागेर निधन भएको छ। उनलाई दिउँसो १ बजे झाडसुगडाका ब्रजराजनगरमा एक असिस्टेन्ट सब इन्सपेक्टर (असई) ले गोली हानेका थिए। दासलाई छातीमा दुईवटा गोली लागेको थियो, त्यसपछि उनलाई एयरलिफ्ट गरेर उपचारका लागि भुवनेश्वरको अपोलो अस्पताल लगिएको थियो। घटनाको करिब सात घण्टापछि उपचारको क्रममा उनको निधन भएको हो।



घटनाका बेला मन्त्री ब्रजराजनगरमा एक कार्यक्रममा समावेश हुन जाँदै थिए। कारको अर्को सीटमा बसेका दास आफ्ना समर्थकलाई भेट्न ओर्लिंदा असईले उनको छातीमा दुई गोली हाने। रगताम्मे दास कार नजिकै ढले। घटनास्थलमा भएका उनका समर्थकले उनलाई समाते र एम्बुलेन्स बोलाएर अस्पताल पठाए।

**आरोपी असई पक्राउ**

प्रहरीले गोली चलाउने असई गोपालदासलाई हिरासतमा लिएको छ। उनीसँग सोधपुछ गरिँदै छ तर हालसम्म आरोपीले हमलाको कुनै कारण बताएका छैनन्। यता राज्य सरकारले घटनाको अनुसन्धानका लागि सिआईडी-अपराध शाखालाई दिएको छ।

**श्रीमतीको दाबी - मानसिक रोगको उपचार गराइरहेका छन् असई**

भारतीय मिडिया रिपोर्टलाई विश्वास गर्ने हो भने मन्त्रीमाथि गोली चलाउने असाई गोपाल दास मानसिक रुपमा बिरामी छन्। उनले पछिल्लो ७-८ वर्षदेखि उपचार गराइरहेका छन्। यो कुरा गोपालकी श्रीमती जयन्तीले भनेकी छिन्। जयन्तीले भनेकी छिन्, 'घटनाबारे समाचारबाट नै थाहा पाएकी थिएँ। उनी पाँच महिना अघि घर आएका थिए। आइतबार बिहान मेरो र छोरीको उनीसँग भिडियो कलमा कुराकानी भएको थियो। त्यसपछि कुराकानी भएको छैन।

## अडानी कम्पनीको सेयर कारोबारमा गिरावट

तीन दिनको अवधिमा कम्पनीले बजार मूल्यमा लगभग ७१ अर्ब डलर गुमाएको छ। गत साता पनि अडानी समूहका फर्महरूको करिब ५० अर्ब डलर गुमाएका थिए। धनीहरूको सूचीमा नवौं स्थानमा थिए, र उनको सम्पत्ति ८५ अर्ब डलरको हाराहारीमा थियो

**एजेन्सी**

नयाँ दिल्ली। भारतीय उद्योगी गौतम अडानीको कम्पनीले आफूमाथि लागेको ठगीको आरोप अस्वीकार गरेपनि लगानीकर्ताहरूलाई आश्वस्त पार्न असफल भएपछि सोमबार शेयर बजारमा अर्बौं डलर गुमाएको छ। यो गिरावट अमेरिकी लगानी समूह हिन्डेनबर्ग रिसर्चले गत हप्ता एक प्रतिवेदन सार्वजनिक गरी अडानी समूह 'दशकौंदेखि स्टक हेरफेर र लेखा जालसाजी' मा संलग्न रहेको आरोप लगाएको थियो।

ब्लुमबर्ग न्यूजकाअनुसार, तीन दिनको अवधिमा कम्पनीले बजार मूल्यमा लगभग ७१ अर्ब डलर गुमाएको छ। गत साता पनि अडानी समूहका फर्महरुको करिब ५० अर्ब डलर गुमाएका थिए। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका निकटतम मित्र समेत रहेका अडानी फोब्स म्यागाजिनको धनीहरूको सूचीमा पहिलोबाट तेस्रो स्थानमा खस्केका थिए। साठी वर्षीय अडानी गत सोमबार धनीहरुको सूचीमा नवौं स्थानमा थिए, र उनको सम्पत्ति ८५ अर्ब डलरको हाराहारीमा थियो।

यसको मतलब उनी एशियाकै सबैभन्दा धनी अर्थात् पहिलो नम्बरको सूचीमा थिए। तर यो ताज भारतीय अर्का व्यवसायी एवं उद्योगी मुकेश अम्बानीले छोटो समयका लागि पहिरिन सफल भएका थिए।



अडानी समूहले आफूहरुमाथि 'दुराशययुक्त' आक्रमण भएको बताएको छ र आइतबार कम्पनीले ४१३ पृष्ठको एक वक्तव्य प्रकाशन गरी हिन्डेनबर्गको दाबीलाई खण्डन गरेको छ। समूहले हिन्डेनबर्गले लगाएका आरोपहरू 'झूट बाहेक केही नभएको' बताएको छ।

'यो केवल कम्पनीमाथि अनावश्यक आक्रमण मात्र नभई समग्र भारत, भारतीय संस्थाहरूको स्वतन्त्रता, अखण्डता र गुणस्तर, र भारतको विकास र महत्वाकाँक्षा विरुद्धको आक्रमण हो,' समूहको वक्तव्यमा भनिएको छ। वक्तव्यपछि सोमबार खुलेको बजारमा अडानी इन्टरप्राइजेजको शेयर बजारमा सकारात्मक प्रभाव देखिए पनि अडानी आबद्ध कम्पनीहरुको शेयर बिक्री व्यापक बनेको थियो, र त्यसलाई रोक्न कम्पनीको प्रयास सफल भएको थिएन।

अडानीले स्टक बिक्री मार्फत २५ अर्ब डलर सङ्कलन गर्ने महत्वाकांक्षी योजना अघि सारेलगत्तै बजारमा समस्या उत्पन्न भएको थियो। अडानी इन्टरप्राइजेजले प्रति शेयर भारतीय रुपैयाँ ३ हजार ११२ को हाराहारीमा बिक्री गर्न खोजको थियो। हिन्डेनबर्गले अडानीको वक्तव्यको जवाफमा भारतको भविष्य अडानी समूहद्वारा रोकिएको बताउँदै यसले देशलाई व्यवस्थित रूपमा लुट्न खोजेको आरोप लगाएको छ। 'अडानीको लामो वक्तव्यले हिन्डेनबर्गले उठाएका सबालमाथि केन्द्रित भएर ३० पृष्ठमा मात्र जवाफ दिएको छ, र धेरै प्रश्न अनुत्तरित छन्। वक्तव्यमा कम्पनीले आफ्नो बढाईचढाई मात्र गरेको छ।'

अडानी समूहको मुख्य कम्पनी अडानी इन्टरप्राइजेजको मुम्बई शेयर बजारमा १.५ प्रतिशतले मात्र वृद्धि भएको थियो। अडानी टोटल ग्यास, अदानी ट्रान्समिसन र अडानी ग्रीन इनर्जीको कारोबार फेरि रोकिएको छ। शुक्रबार पनि यी कम्पनीको कारोबार यस्तै भएको थियो। अडानी पावर र अडानी विल्मारको पनि पाँच-पाँच प्रतिशतले शेयर मूल्य घटेपछि सर्किट ब्रेक गर्नु परेको छ। अडानी पोर्ट कम्पनीको कारोबारमा एक समय धनात्मक देखिए पनि १.५ प्रतिशतले घटेको छ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित। कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: एक्स्प्रेस कलर प्रेस, बुद्धनगर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी